# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थान**:– जिल्ला विकास समितिको कार्यालय, उदयपुर ।

**आर्थिक वर्ष २०७०।७१ को आर्थिक कारोवारको स्थिति**

**कार्यालय प्रमुख** :– स्था.वि.अ.श्री गोपाल कुमार अधिकारी

**लेखा प्रमुख** :– लेखा अधिकृत श्री फइन्द्र कुमार श्रेष्ठ

**लेखापाल :**टीकाराम राउत (**RCIW** तर्फ)

**लेखापाल –** पविता राई (**उर्जा तर्फ** )

<u>विनियोजनतर्फ</u>

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| वजेट उपशिर्षक नम्वर | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बांकी |
|---|---|---|---|---|---|
| जि.वि.स.कोष | २,०२,६९,७२८।०८ | १०४८४३१०६।८८ | १२५११२८३४।९६ | १०३८६९९२५।४५ | २,१२,४२,९०९।५१ |
| सरकारी अनुदान | ० | ३७१०२१४२३।०७ | ३७१०२१४२३।०७ | ३७१०२१४२३।०७ | ० |
| **जम्मा** | **२,०२,६९,७२८।०८** | **४७५८६४५२९।९५** | **४९६१३४२५८।०३** | **४७४८९१३४८।५२** | २,१२,४२,९०९।५१ |

राजश्व तर्फ

| शिर्षक | संकेत न. | असुली | दाखिला |
|---|---|---|---|
| वेरुजु | १५११२ | २२७७९००।० | २२७७९००।० |
| | | २२७७९००।० | २२७७९००।० |

उपर्युक्त आर्थिक कारोवारको पूर्व स्वीकृत लेखापरीक्षण योजना एवं नमूना छनौटको आधारमा गरिएको स्थलगत लेखापरीक्षणबाट देखिएका व्यहोराको सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसँग मिति २०७१।१०।२१मा छलफल गरी प्रारम्भिक प्रतिवेदनमा कायम गरिएका व्यहोराहरु देहायअनुसार छन् :-

बजेट उपशीर्षक नं.:विभिन्न　　　　**कार्यालय:–श्री जिल्ला विकास समितिको कार्यालय, उदयपुर ।**　　　　**आर्थिक वर्ष:–** २०७०।७१

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **परिचय –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, उदयपुरको आर्थिक वर्ष २०७०।७१ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । | | | |
| | | लेखा परिक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरण वापत मृत्यु भएका तथा दोहोरो नाममा भुक्तानी भएको रकम रामपुर ठोक्सिाला गाविसबाट रु.१२६०००।०० नगदै दाखिला भएको भौचर पेश हुन आएको छ । | | | |
| | | **वित्तीय तथा आर्थिक व्यवस्थापन** | | | |
| १ | | **आय व्ययको स्थिति :**-कार्यालयले लेखापरीक्षण टोलीलाई उपलब्ध गराएको DDCFAMP सफ्टवयेरबाट प्राप्त खर्चको फाँटवारी र आर्थिक विवरणको आधारमा तयार आ.व. २०७०/७१ को आयव्ययको स्थिति निम्नानुसार रहेको छ : | | | |

| सि. नं. | आय | रकम | आय | रकम |
|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी (धरौटी समेत) | २०२६९७२८।०८ | **आन्तरिक खर्च** | ९८५५५२७२।४५ |
| | | ० | **केन्द्रिय अनुदान चालु** | ३७१०२१४२३।०७ |
| २ | यस वर्षको आन्तरिक आय (धरौटी समेत) | १०४८४३१०६।८८ | यस आवमा धरौटी फिर्ता | ५३१४६५३।०० |
| ३ | सरकारी अनुदान | ३७१०२१४२३।०७ | आन्तरिक मौजदात (धरौटी वाहेक) | १७२८७४६९।६१ |
| | | | धरौटी मौजदात | ३९५५४३९।९० |
| | | **४९६१३४२५८।०३** | | **४९६१३४२५८।०३** |

**सरकारी अनुदानको वजेट उपशिर्षक गत विवरण –**

| सि.नं. | बजेट उप-शिर्षक | कार्यक्रमको नाम | वार्षिक बजेट | निकासा | खर्च | पेश्की बाँकी |
|---|---|---|---|---|---|---|
| १. | ३०८१०९३ | विद्युत विस्तार (रोयल्टी व्यवस्थापन तथा वितरण) | २००००००।० | २००००००।० | २००००००।० | ०।० |
| २. | ३४९८०१३ | स्थानीय शान्ति समिति | ९६८०००।० | ९६८०००।० | ९६८०००।० | ०।० |
| ३. | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम | १०९५५१०००।० | १०८२६६७००।० | १०८२६६७००।० | ९२३१२००।० |
| ४. | ३६५१०४३ | स्थानीय निकाय वित्तिय आयोग | ३८४०००।० | ३८१०५०।० | ३८१०५०।० | ०।० |
| ५. | ३६५१०५३ | आदिवासी जनजाती उत्थान | २००००००।० | १६७३३९।० | १६७३३९।० | ०।० |
| ६. | ३६५१०६३ | उपेक्षित उत्पिडित र दलित | ३००००००।० | ३००००००।० | ३००००००।० | ०।० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | रकम | | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ७. | ३६५१०८३ | पिछडिएको समुदाय उत्थान | २०००००।० | २०००००।० | २०००००।० | ८००००।० | |
| | | ८. | ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | ५४३४५०००।० | ५१९६१७७८।४ | ५१९६१७७८।४ | ६६८०१०।० | |
| | | ९. | ३६५८०२३ | गाउँ विकास समिति अनुदान | १०३३२००००।० | १०३२९६४००।० | १०३२९६४००।० | ०।० | |
| | | १०. | ३६५८०४३ | ग्रामीण खानेपानी तथा सरसफाई | ८५६८०००।० | ८२९६७८८।० | ८२९६७८८।० | ०।० | |
| | | ११. | ३६५८०८३ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | १०५००००००।० | ९९५७२७०।० | ९९५७२७०।० | १००००००।० | |
| | | १२. | ३६५८०९३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १२८००००००।० | १२३७३५२७५ | १२३७३५२७५ | ०।० | |
| | | १३. | ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक | १४३३०००००।० | १०४४८४६७।० | १०४४८४६७।० | ०।० | |
| | | १४. | ३६५८३१३ | स्थानीय स्तरका सडक, पुल | १५००००००।० | ८३१५७१८।० | ८३१५७१८।० | ४९५३०००।० | |
| | | १५. | ३६५८३७३ | साना सिंचाई नदी नियन्त्रण | ८५००००००।० | ८४९८२९२।० | ८४९८२९२।० | ०।० | |
| | | १६. | ३६५८३८३ | सुनौलो हजार दिन कार्यक्रम | १८७६८०००।० | ११४१३५१०।० | ११४१३५१०।० | ३७५०००।० | |
| | | १७. | ६०१०१४३ | सेवा निवृत संचित विदा | ० | २१९३००।० | २१९३००।० | ०।० | |
| | | १८. | ६०१०१८३ | सेवा निवृत्त ओषधी उपचार | ० | ३८५५६०।० | ३८५५६०।० | ०।० | |
| | | १९. | ३६५८१४३ | ग्रामीण पँहुच सुधार तथा विकेन्द्रिकरण परियोजना | २३२४५०००।० | २३२४४५५४।० | २३२४४५५४।० | ०।० | |
| | | २०. | ३७११०५४ | रोजगार प्रवर्धन कार्यक्रम (पूँजिगत) | १५००००।० | १५००००।० | १५००००।० | ०।० | |
| | | २१. | ३६५१०१३ | वौद्ध दर्शन तथा गुम्वा विकास | १००००००।० | १००००००।० | १००००००।० | ०।० | |
| | | २२. | ३४३१०१३ | राष्ट्रिय युवा परिचालन | ८५१४००।० | ८५१४००।० | ८५१४००।० | ०।० | |
| | | २३. | ३७११०५३ | रोजगार प्रवर्धन कार्यक्रम (चालु) | १२६१०००।० | ४१६४८६।० | ४१६४८६।० | ०।० | |
| | | २४ | ३६५८०७३ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | १०६२५०००।०० | १०६०९२८३।१७ | १०६०९२८३।१७ | ० | |
| | | **जम्मा :** | | | **३९४१६६४००।०** | **३७१०२१४२३।०७** | **३७१०२१४२३।०७** | **१५४०७२१०** | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

**आन्तरिक कोष तर्फको आय व्यय विवरण :**

| सि.न. | कार्यक्रम | गतवर्षको जिम्मेवारी समेत जम्मा आय | खर्च | वाँकी | पेश्की बाँकी |
|---|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन खाता | २४७३५३६।०० | ११२४०५६।०० | १३४९४८०।०० | १५०००।० |
| २. | युनिसेफ | ३५२१५६९।०० | ३०८१३५६।०० | ४४०२१३।०० | ० |
| ३. | स्थानिय निकाय विशेष कोष | ५०००००।०० | १०००००।०० | ४०००००।०० | ० |
| ४. | वातावरण व्यवस्थापन | ६५५६०३३।४३ | २७०१२५९।०० | ३८५४७७४।४३ | १७००००।० |
| ५. | जि.वि.स.कोष पंजिगत | ११७१००००।०० | ११७१००००।०० | ०।०० | ४९५०३०।० |
| ६. | आन्तरिक कोष चालु खाता | ११०८००००।०० | ११०८००००।०० | ०।०० | ४३०००।० |
| ७. | वैदेशिक श्रोत खाता | २६४०८६९५।६५ | २३४७८१३६।३२ | २९३०५५९।३३ | ० |
| ८. | सडक वोर्ड सहभागिता कार्यक्रम | ४०७२६१७।१६ | ३९०६९३३।०० | १६५६८४।१६ | ० |
| ९. | सरसफाई कार्यक्रम | १९६८५८५।०० | १७६७१६६।०० | २०१४१९।०० | ० |
| १०. | ग्रामिण सडक मर्मत सम्भार कोष | २३१४०८०।५५ | १०६५२२२।०० | १२४८८५८।५५ | ० |
| ११. | मानव संसाधन विशेष कोष | १९२२९००।६१ | ५९२९३१।०० | १३२९९६९।६१ | ४८१८५६।० |
| १२. | महिला वालवालिका विशेष कोष | ५२४३६५।०० | ३४८८५७।०० | १७५५०८।०० | ० |
| १३. | गरिवी निवारण विशेष कोष | २०००००।०० | ०।०० | २०००००।०० | ० |
| १४. | त्रि.न.पा.सहभागिता कार्यक्रम | १३०००००।०० | १३०००००।०० | ०।०० | ० |
| १५. | युएनएफपिए कार्यक्रम | ५६४११८७८५ | ५६४१०८५।०० | १०२।८५ | ० |
| १६. | गाविस प्रशासनिक खाता | ६४०१५९।०० | ६४०१५९।०० | ०।०० | ० |
| १७. | संस्कृति प्रवर्धन कार्यक्रम | ४६४१७९।०० | २९६१२८।०० | १६८०५१।०० | ० |
| १८. | सि.ए.ए. | ८४५७३६।६९ | ०।०० | ८४५७३६।६९ | ० |
| १९. | राजस्व वाडफाड खाता | १०९२९९८०।९१ | १०८८४७४९।०० | ४५२३१।९१ | ० |
| २०. | जि.वि.स. आन्तरिक आय | १५०८५७२७।०६ | १३९७४००२।०० | १११११७२५।०६ | ० |
| २१. | कर्मचारी कल्याण कोष | ३४००३६६।९७ | १७१८८४४।०० | १६८१५२२।९७ | ० |
| २२. | लधु उद्यम विकास कार्यक्रम | ९०८२९९।७५ | ७८८७५०।०० | ११९५४९।७५ | ० |
| २३. | धरौटी | ९२७००९२।९० | ५३१४६५३।०० | ३९५५४३९।९० | ० |
| २४. | दलित शिप तथा क्षमता वि.का. | १२००००।०० | १२००००।०० | ०।०० | ० |
| २५. | उर्जा | ३१५४००२।४३ | २२३५६३९।१३ | ९१८३६३।३० | ० |
| २६ | आदिवासी जनजाती | १००७२०।०० | ०।०० | १००७२०।०० | ० |
| **जम्मा :** | | **१२५११२८३४।९६** | **१०३८६९९२५।४५** | **२१२४२९०९।५१** | **१२०४८८६।०** |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | | उल्लेखीत आय व्यय विवरणमा जि.वि.स.कोष पूँजिगतमा २६४५७।० आन्तरिक कोष चालु खातामा ४२०२४१।३० मौज्दात रहेको रकम वर्षको अन्त्यमा क्रमश राजश्व बाँडफाड खाता र जिल्ला विकास | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | समिति आन्तरिक आय खातामा सारी मौज्दात सुन्य देखाएको छ । नेपाल सरकारबाट निकासा लिई ट्रान्सफर खर्च लेख्ने बैंक खाता र दातृ निकायबाट रकम प्राप्त गरी ट्रान्सफर खर्च लेख्ने बैंक खाताको आय व्यय विवरण पेश नगरेकोले समावेश गरेको छैन । | | | |
| १.२ | | **विद्युतिय अभिलेख** :स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८ (५) मा जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाब कम्प्युटराइज्ड लेखा प्रणालीमा राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिकै इकाई ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, स्थानीय विकास कोष र उर्जा तथा वातावरण ईकाईको श्रेस्ता, आम्दानी खर्चको हिसाब उक्त प्रणालीमा आवद्ध भएको देखिएन । समितिका सबै इकाईमा यो प्रणालीमा आवद्ध गर्नुपर्ने देखिन्छ । | | | |
| १.३ | | **बैंक हिसाव :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१)(द) मा अनुसूची २३ को ढाँचामा कार्यालयले प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण (Bank Reconcial) तयार गर्नु पर्दछ । कार्यालयले पेश गरेको विवरणमा वर्षको अन्तमा कोष तर्फ (उर्जा तथा वातावरण इकाई) समेतका विभिन्न २६ शिर्षकवाट भएको कारोवारको श्रेस्ता अनुसार रु.२,१२,४२,९०९।५१ र २१ वैंक खातामा बैंक स्टेटमेन्ट विवरण अनुसार रु.२४१५३५७६३९।३० मौज्दात रहेको विवरण पेश गरेको छ ।१४ बैंक खातामा श्रेस्ता भन्दा वैंक वढी र वांकीमा श्रेस्ता अनुसारकै वैंक मौज्दात भएको देखिएको छ । वैंक वढी हुनुको कारण भौचर पेश हुन वांकी चेक साट्न वांकी आदि उल्लेख गरेको छ ।नियमावलीले तोकेको ढांचामा स्पष्ट हुने गरी वैंक समाधान विवरण तयार गरी पेश हुनु पर्दछ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २ | | **पेश्की** –स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको यो आ.व.सम्मको पेश्कीको एकीकृत विवरण निम्नानुसार रहेको छ । | | | |

| विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्ष फछ्र्यौट | गत वर्षको बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|---|
| कर्मचारी | २३४३२३९।२० | ११९२०९७।०० | ११५११४१।२० | २६२००९४।०० | ३७७१२३५।२० |
| पदाधिकारी | ४०९८६६।२१ | ३०५०००।०० | १०४८६६।२१ | १५०००।०० | ११९८६६।२१ |
| अन्य | २८१९०५८।०० | ११४४१२७।०० | १६७४९३१।०० | १२६१६४६।०० | २९३६५७७।०० |
| गा.वि.स. | ६७६८८२८।०० | ८०६८६१।०० | ५९६१९६७।०० | ९४८१२००।०० | १५४४३१६७।०० |
| उपभोक्ता/ठेकेदार | ६५१३५१६।२९ | २९३२५००।०० | ३५८१०१६।२९ | ४९५३०००।०० | ८५३४०१६।२९ |
| **जम्मा :** | **१८८५४५०७।७०** | **६३८०५८५।००** | **१२४७३९२१।७०** | **१८३३०९४०।००** | **३०८०४८६१।७०** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उक्त विवरण अनुसार विगत वर्षदेखिका करोडौंरकम पेश्की बाँकी रहेको देखिन्छ । नियमानुसार उक्त रकम फछ्र्यौट गर्न कार्यालयले यथेस्ट ध्यान नपुऱ्याएको पाइयो । नियमानुसार पेश्की रकम असूल फछ्र्यौट हुनुपर्दछ । यो वर्ष गएको पेश्की मध्ये कोष तर्फको आर्थिक वर्षको अन्त्यमा बाँकी पेश्की देहाय अनुसार रहेको छ । यसमा कर्मचारी कल्याणकोषबाट गरेको लगानी रकम समावेश गरेको छैन । | | | |

| सि.नं | मिति | पेश्की लिनेको नाम | पद | कार्यक्रम/शिर्षक | पेश्की रकम |
|---|---|---|---|---|---|
| 1 | २०७०/७/१४ | एपेक्स कन्सल्टेन्सी | निर्माणव्यावशायी | मानव शंसाधन विशेष कोष | ४८१८५६।० |
| 2 | २०७१/३/११ | निशुल्क स्वास्थ्य शिविर समिति | उपभोक्ता समिति | वातावरण व्यवस्थापन | १०००००।० |
| 3 | २०७१/३/११ | वृक्षारोपण सञ्चालन समिति | उपभोक्ता समिति | वातावरण व्यवस्थापन | ६००००।० |
| 4 | २०७०/७/७ | प्रमोद कुमार भट्टराई | कानून व्यवशायी | प्रकोप व्यवस्थापन | १५०००।० |
| 5 | २०७०/४/१ | स्याम कुमार सुन्दास | ना.सु. | जि.वि.स.कोष पूँजिगत | १२५०००।० |
| 6 | २०७१/३/१७ | नेपाल पिछडा वर्ग महासंघ | संस्था | जि.वि.स.कोष पूँजिगत | ३०।० |
| 7 | २०७०/९/३ | स्याम कुमार सुन्दास | ना.सु. | जि.वि.स.कोष चालु | २५०००।० |
| **जम्मा :-** | | | | | **८०६८८६।०** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तोकिएको योजना मुताविक कार्यक्रम कार्यान्वयन नगर्ने एवं बर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की बाँकी रहन गएको देखिन्छ । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्को तर्फ पेश्कीको मात्रा बढदै जान्छ । तसर्थ पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की अविलम्ब फछ्र्यौट गर्नु पर्नेदेखिएको रु | **८०६८८६।०** | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २.१ | | **पेश्की सम्बन्धमा देखिएका अन्य व्यहोरा –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८२ (१) र (२) मा कार्यालयबाट पेश्की लिंदा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र प्राप्त विवरणको आधारमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैरकर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट खोली पेश्की दिनुपर्ने उल्लेख छ ।<br><br>कार्यालयले कर्मचारी, विभिन्न व्यक्ति र उपभोक्ता समितिको नाममा पेश्की उपलव्ध गराउंदा पेश्की लिनेको आवश्यक विवरण लगायत तीन पुस्ते स्थायी र अस्थायी ठेगाना उल्लेख गरेको पाइएन । पेश्की खातामा पनि यस किसिमको स्पष्ट विवरण राख्ने परिपाटी देखिएन । विगत वर्षमा उपलव्ध गराइएको पेश्की बांकी रकम समयमै ताकेता तथा कारबाही गरी असुल फछ्र्यौट गर्ने कार्यमा कार्यालय संवेदनशिल हुनुपर्ने देखिन्छ । | | | |
| ३ | | **धरौटीतर्फः-** गतवर्षको जिम्मेवारी रु.४३,१६,७५४।९०  र यो वर्षमा प्राप्त भएको रु.४९,५३,३३८। समेत यो वर्ष रु.९२७००९२।९० जम्मा भएकोमा रु.५३१४६५३।० फिर्ता भई आ.व.को अन्तमा रु.३९,५५,४३९।९० धरौटी बाँकी रहेको देखिन्छ । बैक प्रमाणपत्र अनुसार रु.४६,०९,६०५।२६ वाकी देखिएकोले श्रेस्तामा भन्दा बैकमा वढी देखिएको रु.६,५४,१६५।३६ हिसाव मिलान गर्नु पर्ने देखिन्छ । | | | |
| ४ | | **आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाको जिल्ला विकास समितिमा सहायक स्तर र अन्य जिल्लामा अधिकृतस्तरको कर्मचारी प्रमुख र आवश्यकतानुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ ।<br>कार्यालयमा अधिकृत स्तरका कर्मचारी पदपूर्ति भएता पनि सहायक स्तरको कर्मचारी पदपूर्ति नभएकाले आन्तरिक लेखापरीक्षण र नियन्त्रण कार्य नियमित रुपमा भई कार्यक्रम सञ्चालन, आय व्यवस्था तथा भुक्तानी व्यवस्था प्रभावकारी बनाउने अवसरबाट वञ्चित रहनु परेको स्थिति छ ।<br>अतः नियमको भावना अनुरुप आन्तरिक लेखापरीक्षण प्रत्येक महिना सम्पन्न गरी प्रतिवेदन दिने तथा लेखापरीक्षणबाट औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही र शाखाको धारणा अन्तिम लेखापरीक्षणको समयमा लिखित रुपमा पेश गर्नुपर्दछ । त्यसको अतिरिक्तआन्तरिक लेखापरीक्षणलाई प्रभावकारी वनाउन उक्त शाखाबाट नियमावलीले तोकेका  देहायका कार्यहरु तोकेको समयमा हुनुपर्ने देखिन्छ ।<br>• जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा गा.वि.स.का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>● गाँउ विकास समितिहरुको आन्तरीक लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन गर्ने गरेकोपाइएन<br>● गाँउ विकास समितिहरुको बेरुजु लगत राखि सम्परिक्षण गर्ने गरेको पाइएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td></td><td>खरिद योजना : कार्यालयले खरिद कार्य गर्दा प्रचलित आर्थिक निमहरुको पालना नगरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।<br>१) एकवर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिदको हकमा सम्बन्धित निकायले खरिदको गुरुयोजना तयार गरी उक्त गुरु योजनामा प्रकार, परिमाण र अनुमानित मूल्य, खरिद विधि, अधिकतम प्रतिस्पर्धाको प्रकृयामा खरिद कार्यलाई प्रभावित पार्न सक्ने मुख्य मुख्य काम, पूर्व योग्यता सम्बन्धी कुरा, समय तालिका, गुरु योजनाको स्वीकृत जस्ता प्रकृया, निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य खरिद एवं सेवाका लागि लागत अनुमान तयार गर्ने गरिएको छैन<br>२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२(५) बमोजिम वार्षिक दशलाख रुपैयाभन्दा बढी रकमको सामान खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको पाइएन । साथै खरिद इकाई एवं खरिद मूल्याकन समितिको गठन समेत गरेको पाइएन ।<br>३) खरिद ऐन वा यस नियमावली बमोजिम विभिन्न खरिद सम्बन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृत्ति अनुसार आपूर्ति कर्ता, निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायक र गैह्रसरकारी संस्था समेतको छुट्टाछुट्टै सूचि (स्ट्याण्डिङ्ग लिस्ट) तयार गरी सो लिस्टमा समावेश हुनको लागि आवश्यक योग्यता निर्धारण जस्ता आवश्यक प्रकृयाहरु अवलम्वन भएको छैन ।<br>४) खरिद एवं निर्माण कार्य सम्पन्न भएको सम्बन्धमा स्थानीय निकाय आ.प्र सम्बन्धी नियमावलीको नियम १३३ बमोजिम कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि स्थानीय निकायले सम्बन्धित व्यवसायलाई कार्य सम्पन्न प्रमाणपत्र दिनु पर्नेमा सो प्रमाणपत्र दिने गरेको छैन ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>बजेट व्यवस्थापन</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td>लक्ष्य प्रगति सम्बन्धमा – कार्यालयले निर्धारण गरेका लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त प्रगती विवरण अनुसार निम्न कार्यक्रमहरुको प्रगती स्थिति निम्नानुसार रहेको पाइयो ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम र योजनाको नाम</th><th>कार्य</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>१</td><td>जिल्ला विकास समिति अनुदान</td><td>म्याचिङ फण्ड (भारतीय दुतावास सहयोग)</td><td>०</td></tr>
<tr><td>२</td><td>ग्रामिण खानेपानी तथा सरसफाइ का.</td><td>वेलटार ढल निर्माण</td><td>५०</td></tr>
<tr><td>३</td><td>ग्रामिण पहुच सुधार तथा विकेन्द्रीकरण परियोजना</td><td>वेतेनी माझखर्क रौतापोखरी सुख्खा मौसमि सडकमा सुख्खा ढुङगा पिचिङ्ग</td><td>६७.३३</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | | वेतेनी माझखर्क रौतापोखरी सुख्खा मौसमि सडकमा ६०० एम एमको हयुम पाइप | ६०.९८ |
| ५ | | कटारी–वाहुनटारी सडक slice १ | ३७.५९ |
| ६ | जिल्ला विकास अनुदान | माझखर्क जांते लाफागाउ सडक स्तरोन्नती | ४० |
| ७ | स्थानीय सडकपुल कार्यक्रम | छौडिया खोला सडक पुलको सुपरस्ट्रक्चर | ५२.९ |
| ८ | जिल्ला उर्जा तथा वातावरण इकाई | गोवरग्यास तथा सोलारको BESC | २२ |
| ९ | | गोवरग्यास तथा सोलारको CESC | ५० |
| १० | | गोवरग्यास तथा सोलारको CCU | ७२ |
| ११ | युनिसेफ | खुल्ला दिसा मुक्त गाविसलाइ सहयोग | ४४.२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यसरी कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुने तथा खर्चलाई नै प्रगति मान्ने पद्दतिका कारण यस्तो अवस्था सिर्जना भएको हो । अनुगमन कार्य प्रभावकारी नहुनुको कारण योजना सम्पन्न हुन नसकेको पाईन्छ । यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नेतर्फ कार्यालय थप सक्रिय हुनुपर्दछ । | | | |
| | | **खरिद व्यवस्थापन** | | | |
| ७ | | **कर विजक :** मूल्य अभिवृद्धी कर एने २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई रित पूर्वकको कर विजक दिनु पर्ने उल्लेख छ । यो वर्ष निम्न फर्महरु तथा ठेकेदारहरु भुक्तानी दिदा मिति सच्याएको केरमेट गरेको र हातले नं. लेखेको आदि कैफियतका कर विजक नम्वर राखी मु.अ.कर माग गरेकोमा कार्यालयले रु. १,२६,८१३।२१ भुक्तानी दिएको छ । रित पूर्वकको कर विजक वेगर मु.अ.कर भुक्तानी भएकोमा आन्तरिक राजस्व कार्यालयमा दाखिला भएकै छ भन्न सक्ने आधार भएन । नियम विपरित भुक्तानी गरेको मूल्य अभिवृद्धि कर सम्वन्धित ठेकेदारवाट असूल गर्नु पर्ने रु. | १२६८१३/२१ | | |

| गो.भ.नं. र मिति | कार्यक्रम | योजनाको नाम | भुक्तानी पाउने फर्म वा व्यक्तिको नाम | वापत | भुक्तानी रकम | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २९/०७१/२/११ | ग्रामीण खानेपानी सरफाई | | इन्फोटेक सप्लायर्स मार्फत खा.पा.स.टे.बासुदेव लामिछाने | कम्प्युटर खरिद | ६५२७५.५१ | ७५०९.५१ | विजक मिति सच्याइएको |
| ५४/०७१/३/२६ | ग्रामीण खानेपानी सरफाई | धारापानी खोला खानेपानी | अनुसूर्या हार्डवयर एण्ड सप्लायर्स त्रिनपा २ | सिमेण्ट डण्डी खरिद | ३१९९७.०८ | ३६८१.०८ | विजक नं. हातले सच्याएको |
| २२३/०७१/३/३२ | कोष पूँजीगत | जनजाति भवन निमार्ण | न्यू पंजियार सप्लायर्स एण्ड ट्रेड गाइघाट | घर निर्माण सामग्री खरिद | ४०५२९.७१ | ४६६२.७१ | विजक मिति सच्याइएको |
| १२६/०७१/२/११ | कोष पूँजीगत | नेस्पेक उदयपुरलाई वाल हेल्प कार्यक्रमलाई | कस्यप सप्लायर्स उदयपुर | ल्यापटप खरिद | ६००००.०० | ६९०२.६६ | विजक नं. हातले सच्याएको |
| १०/०७०/७/१० | ग्रामीण पहुँच सुधार | बेतेनी इनामे माझखर्क बाटो मर्मत कार्य | बजगुरु सुर्य जीवन कन्स्ट्रक्सन जे.भी. | बाटो मर्मतको अन्तिम विल वापत | ७५०२०.८२ | ८६३०.७१ | विजक सच्याएको |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३/०७१/२/२८ | ग्रामीण खानेपानी सरफाई | बेल्टार ढल निर्माण समिति कार्य | पवन हार्डवयर एण्ड सप्लायर्स बेल्टार १ | सिमेण्ट खरिद | ११३९०४.०० | १३१०४.०० | विजक मिति सच्याइएको |
| ११/०७१/३/३० | सुनौलो हजार दिन | ताम्लिछा सुनौला हजार दिन फिल्टर वितरण | रौंता रानी सप्लायर्स ट्रेडर्स गाइघाट | फिल्टर खरिद | ५९३२५.०० | ६८२५.०० | विजक नं. सच्याइएको |
| ११/०७१/३/३० | सुनौलो हजार दिन | ताम्लिछा सुनौला हजार दिन फिल्टर वितरण | रौंता रानी सप्लायर्स ट्रेडर्स गाइघाट | फिल्टर खरिद | ३२४४२.३० | ३७३२.३० | विजक नं. सच्याइएको |
| ११/०७१/३/३० | सुनौलो हजार दिन | ताम्लिछा सुनौला हजार दिन फिल्टर वितरण | रौंता रानी सप्लायर्स ट्रेडर्स गाइघाट | फिल्टर खरिद | ५४०७०.५० | ६२२०.२० | विजक नं. सच्याइएको |
| ९/०७१/३/२९ | सुनौलो हजार दिन | ठानागाँउ सुनौला हजार दिन | हिमशिखर सप्लायर्स गाईघाट | डण्डी खरिद | २४२०१.०४ | २७८४.१९ | विजक मिति सच्याइएको |
| ९/०७१/३/२९ | सुनौलो हजार दिन | ठानागाँउ सुनौला हजार दिन | हिमगिरी सप्लायर्स गाईघाट | डण्डी खरिद | ३९९९७.४१ | ४६०१.४७ | विजक मिति सच्याइएको |
| १४६/०७१/३/५ | | उदयपुर बरुवा नदी नियन्त्रण उ.स.रामनगर मानपुर | जानुका सप्लायर्स एण्ड ट्रेडर्स त्रिनपा १ | जि.आई. खरिद | २७७५८.४५ | ३१९३.४५ | विजक मिति उल्लेख नभएको |
| २८/०७१/२/३० | साना सिंचाई | अप्राहा पिडिवास सिंचाई आयोजना सिद्धिपुर | खतिवडा ट्रेडर्स एण्ड सप्लायर्स बेल्टार | सिमेण्ड खरिद | १४५७७०.०० | १६७७०.०० | विजक नं. सच्याइएको |
| ६२/०७१/३/३० | ग्रामीण खानेपानी सरफाई | जाँते कुमालटार गालटार खापायो | इमोजिङ्ग डिजाइन प्रा.लि.चावहिल काठमाण्डौं | खापायो सम्बन्धि काम | १४३०४७.०० | १६४५६.२७ | विजक केरमेट गरेको |
| १२६/०७१/२/११ | कोष पूँजीगत | वाल हेल्प लाइन | नेस्पेक उदयपुर | ल्यापटप खरिद | ६००००.०० | ६९०२.६६ | हातले विजक नं. लेखेको |
| ७/०७१/३/२५ | स्थानीय स्तरका सडकपुल | सूचना प्रकाशन | रोजगार विनिमय सेवा उद्योग उदयपुर | सूचना प्रकासन | १०१७००.०० | ११७००.०० | विजक नं. उल्लेख नगरेको |
| ३१/०७१/३/१३ | वातावरण व्यवस्थापन | टोलविकास संस्था त्रिनपा ८ | त्रिनेत्र सप्लायर्स एण्ड ट्रेडर्स त्रिनपा १० | सिमेण्ट खरिद | २७२६७.०० | ३१३७.०० | विजकको मिति सच्याएको |
| **जम्मा :-** | | | | | **११०२३०५.८२** | **१२६८१३.२१** | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | रितपूर्वक विजक जारी नभएको अवस्थामा मू.अ.कर भुक्तानी दिंदा सरकारी राजश्वमा जानुपर्ने कर रकम हिनामिना हुन सक्ने अवस्था रहन्छ । उल्लेखित रितपूर्वक जारी नगरेको विजकवाट भुक्तानी भएको मू.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | | | |
| ८ | | **मू.अ.करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क बमोजिम ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संभौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ ।<br>कार्यालयले यस आ.व.मा लगाएका ठेक्का एवं वस्तु तथा सेवा आपूर्तकलाई मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आपूर्तकले गरेको आधारमा मात्र जानकारी दिने गरेको पाइयो ।<br><br>मू.अ.करका सम्बन्धमा नियममा भएको व्यवस्थाको परिपालनामा कार्यालय उदासिन भएका कारण यस्तो हुन गएको देखिन्छ । यसबाट कार्यालयबाट मु.अ.कर भुक्तानी हुने तर सो रकम राज्य कोषमा दाखिला नहुने सम्भावना समेत रहन्छ । अत : सम्भौता भइसकेपछि वा कर भुक्तानी गर्ने समयमा मु.अ.कर भुक्तानीको विवरण सम्बन्धीत आन्तरीक राजस्व कार्यालयमा जानकारी दिनेतर्फ कार्यालय | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | संवेदनशील हुनुपर्ने देखिन्छ । | | | |
| ९ | | **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा मु.अ.करमा दर्ता भएको फर्म वा संस्थालाई १.५ प्रतिशत र दर्ता नभएकोलाई भुक्तानी दिंदा १५ प्रतिशत कट्टी गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा ८९ मा रु.५० हजार भन्दा बढीको करार सेवा गरी बस्तु वा सेवा आपूर्ति गर्दा १.५ प्रतिशत कर कटाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले यस बर्ष ती संस्थाहरुलाई भुक्तानी दिंदा कर कटाएको छैन । अत: कार्यालयले ती संस्थाहरुलाई भुक्तानी गरेको निम्नानुसार कर कट्टी गरी दाखिला गर्नुपर्ने रु. | ४२७८३/८ | | |

| गो.भ.नं. र मिति | कार्यक्रम | योजनाको नाम | वापत | भुक्तानी रकम | १.५ प्रतिशत कर कट्टी | कट्टी भएको | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९/२०७१/३/२९ | एलजिसिडिपी | कटारी बेल्टार सचेतना केन्द्रलाई निकासा गरेको रु. १३२०००० को २० प्रतिशत मध्ये | प्रशिक्षण कार्यक्रम वापत | २६४०००/ | ३९६०० | ३३००० | ६६०० | पा.कर १५ प्रतिशत |
| २६/२०७१/३/३२ | एलजिसिडिपी | नागरिक सचेतना केन्द्र ठानागाउँ फलफूल खेती योजना कार्यान्वयन | धनसिंह राई स १ ज २९६२ | ३२०००/ | ३५००/ | ० | ३५०० | भाडा कर १० प्रतिशत |
| ५३/२०७१/२/११ | स्थानीय यातायात पूर्वाधार | सुकौरा मुर्कुची नेपालटार सडक ग्राभेल कार्यको भुक्तानी | विभिन्न सामग्री खरिद वापत | ५००००/ | ७५०/ | ० | ७५० | अग्रिम कर १.५ प्रतिशत |
| ७८/२०७१/३/२६ | झो.पु.क्षेत्रगत | छाङ्गेटार झो.पु. निर्माण उ.स.ठानागाँउ | लठ्ठा ढुवानी | १००००/ | १०००/ | ० | १००० | भाडा कर १० प्रतिशत |
| ३९/२०७१/३/३२ | साना सिंचाई | लामाखोला तटबन्ध निर्माण कार्य | ट्याक्टर ढुवानी | ९६०००/ | ९६००/ | ० | ९६०० | भाडा कर १० प्रतिशत |
| १४८/२०७१/३/५ | जिविस कोष पूँजीगत | खाँबु गाविस घरधुरी सर्वे | सा प केशरकुमारी मगर | ४०३५०/ | ६०५२/५० | ४०४ | ५६४८.५० | |
| २०४/२०७१/३/२९ | जिविस कोष पूँजीगत | सुन्दरपुर गाविस घरधुरी सर्वे | सा प दिक्षा ओझा | ३०६४०/ | ४५९६/ | ३७२ | ४२२४ | |
| २०८/२०७१/३/२९ | जिविस कोष पूँजीगत | गाइघाट जोगिदह खण्ड सडक सर्वे | विभिन्न प्राविधिक कर्मचारी | ४९३८०/ | ७४०७ | ० | ७४०७ | |
| २०९/२०७१/३/२९ | जिविस कोष पूँजीगत | गाईघाट फत्तेपुर सडक सर्वे | विभिन्न प्राविधिक कर्मचारी | ४७०५४/५० | ७०५८/१८ | ० | ७०५८.१८ | |
| २२३/२०७१/३/३२ | जिविस कोष पूँजीगत | जनजाति भवन निर्माण | नेपाल जनजाति महासंघ | १२६३०८/ | १८९४/६२ | ० | १८९४.६२ | १.५ प्रतिशत कर कट्टी छैन |
| ९/२०७१/३/२९ | सुनौलो हजार | ठानागाँउको सुनौलो हजार दिनको | चुल्हो निर्माण प्रमोटर | ५०००/ | ७५० | ० | ७५०.० | पा.क.१५ प्रतिशत |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दिन | धुवाँ रहित चुलो निर्माण | तालिम | | | | | कर कट्टी छैन |
| | | | | | | | ४२७८३.८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | **नापी किताब :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल वा विजकको भुक्तानी गर्ने व्यवस्था छ । साथै नापी किताब तयार गर्दा म.ले.प.फा.नं. १९२ अनुसारको नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर र आइटमवाइज रजिष्टरको आधारमा मात्र नापी किताब प्रयोग गर्ने व्यवस्था रहेको छ ।<br>कार्यालयबाट यस वर्ष सञ्चालित कतिपय योजना एवं निर्माण कार्यको नापी किताब कम्प्यूटरकृत गरी केवल योजनाको फरफारक एवं भुक्तानी गर्ने प्रयोजनका लागी लुज सिटको रुपमामात्र तयार गर्ने गरेको तर कार्यको वास्तविक एवं यथार्थपरक मूल्य खुलाउने प्रमाणको रुपमा नापी किताब तयार गर्ने गरेतापनि सो को नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर तथा आइटमवाइज रजिष्टरका आधारमा नापी किताब तयार गर्ने गरेको पाइएन । कार्यालयले कानूनमा भएको व्यवस्थालाई अवलम्बन गर्नुमा उचित ध्यान नपुऱ्याउनु नै यसको कारण रहेको छ ।<br>यसरी साइट रजिष्टर र आइटमवाइज रजिष्टरका आधारमा नापजाँचको प्रविष्टी नगर्ने, नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर नराख्ने तथा कम्प्यूटर डाटाको सुरक्षण एवं ब्याकअपसमेतको व्यवस्था नगर्नाले निर्मित संरचना र सम्पत्तिको यथार्थ मूल्यांकन नहुनुको साथै आवश्यक सम्भार समेत नभई संरचनामा गरेको ठूलो लगानी खेर जान सक्ने सम्भावना रहन्छ । अत, कार्यालयले कुनैपनि कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई आधार मानी म.ले.प.फा.नं. १९२ अनुसार नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने र कम्प्युटरकृत डाटाको सुरक्षण र ब्याकपको समुचित व्यवस्थाको प्रवन्ध गर्नु अत्यन्तै जरुरी देखिएको छ । | | | |
| ११ | | **कार्यतालिकाको अनुसरण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १(ख) मा सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोछ । कार्यालयले विगत आर्थिक वर्षमा विभिन्न योजनाहरु सञ्चालन गर्न निर्माण व्यवसायीहरुसंग सम्झौता गरेर हाल सञ्चालनमा रहेका योजनाहरुमा नियमावलीमा उल्लेख गरे अनुसार धेरैजसोमा सोको अनुसरण अधिकांश निर्माण व्यवसायीले गरेको पाइएन । | | | |

| ब.शि.नं./कार्यक्रम | आयोजनाको नाम | ठेकेदारको नाम | ठेक अङ्क | सम्झौता मिति | काम सक्नु पर्ने | हाल सम्मको भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण पहुँच सुधार | कटारी बाहुनीटार सडक निर्माण | शंकरमाली निर्माण सेवा | १२७०९६४९/०९ | | २०७०/४/२५ | ४९४६०२८/१२ | सम्पन्न |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| " " | गाइघाट फत्तेपुर सडक निर्माण | अमर कन्सट्रक्सन | १८५१६९७२/४२ | २०६९/१/२६ | २०७०/६/२४ | २२७२ ८६६६/२७ | सम्पन्न |
| " " | बेतेनी माझखर्क पुवारे भञ्याँङ्ग सडक | बज्रगुरु सुर्य जीवन जे.भी. निर्माण सेवा | १८२६९२५१ | २२ अप्रिल २०१२ | २०७०/३/१८ | १८७६७०६७/७८ | सम्पन्न |
| " " | वैद्यनाथ आर सी सी पुल | रायामाझी कन्सट्रक्सन | २०७०९५८६/११ | २०६९/१/२२ | २०७०/४/२२ | २०८१४६५५/५८ | सम्पन्न |
| स्थानीय स्तरका सडक पुल | छौडेखोला आर सी सी पुल | लोकप्रिय निर्माण सेवा | १२६७९९९८/६९ | | २०७१/३/३१ | | अधुरो |
| झो.पु. | मझुवाफेदी झो.पु. | उपभोक्ता समिति मार्फत | | | | | |
| **जम्मा :** | | | ९७३८९१३६.२८ | | | ७५३५८७६५.९ | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यतालिको अनुसरण गरी सोको पूर्ण परिपालनाद्धारा समयमै कार्य सम्पादन गराउन सम्बन्धित निर्माण व्यवसायी र कार्यालयले समेत सम्वेदनशील ढंगले नलाग्दा यस्तो अवस्था आएको देखिन्छ । यसले गर्दा निर्माण कार्य समयमै सम्पन्न नहुनुका साथै निर्माण कार्यको लागत समेत बढ्न जाने देखिन्छ । तसर्थ कार्यालयले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कार्यतालिका अनुसार कार्य गराउन यथेष्ट पहल गर्नुपर्ने देखिन्छ । | | | |
| | | **जिन्सी व्यवस्थापन** | | | |
| १२ | | **जिन्सी** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ ।<br>यसैगरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम २१२ (१) अनुसार स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बांधी लगत तयार गरी अद्यावधिक गर्ने व्यवस्था छ ।<br>कार्यालयले (आर्थिक बर्ष २०७०।७१) को जिन्सी निरीक्षणको प्रतिवेदन उल्लेख भएका व्यहोरामध्ये लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, तथा मर्मत गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा सो उपर हालसम्म यथोचित कारवाही भएको पाइएन ।<br>जिन्सी निरिक्षण प्रतिवेदनका व्यहोराको कार्यान्वयनमा कार्यालयले पर्याप्त ध्यान पुर्याउन नसकेको यसको कारण हुनसक्छ । अत प्रतिवेदनमा उल्लेख भएको सम्बन्धमा आवश्यक मिन्हा गर्ने प्रक्रिया | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अगाडी बढाउनुपर्ने देखिएको छ । मर्मत र लिलामको प्रकृया शुरु भैसकेको कार्यालयको भनाइ रहेको छ ।<br><br>लिलाम योग्य सामान लिलामी नहुँदा सामानको वर्तमान मूल्यमाऱ्हास आउने, अनावश्यक रुपमा भण्डारको क्षेत्र ओगट्ने, भण्डार व्यवस्थापन चुस्त तथा दुरुस्त हुन नसक्ने जस्ता प्रभाव परेको देखिन्छ । नियममा उल्लेखित व्यवस्था अनुसार मर्मत हुनसक्ने सामानहरुलाई मर्मत गरी प्रयोगमा ल्याउने तथा लिलाम गर्नुपर्ने भनी औंल्याईएका सामानहरुलाई समयमै लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामग्री हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नुपर्दछ । | | | |
| १३ | | **भौतिक परीक्षण** :- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधिद्वारा निरिक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिने व्यवस्था गर्नुपर्दछ । यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाउनुपर्दछ भन्ने उल्लेख छ ।<br><br>कार्यालयले लेखापरीक्षणलाई पेश गरेको जिन्सी खाताबाट नमूना छनौटको आधारमा १६ प्रकारका सामानहरुको भौतिक परीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार छन । | | | |

| विवरण | जि.खा.पा.नं. | जिन्सी मौज्दातले देखाएको अन्तिम मौज्दात | स्थलगत निरीक्षणबाट देखिएको मौज्दात | स्थलगत निरीक्षणबाट देखिएको अबस्था |
|---|---|---|---|---|
| ल्यापटप | ३२, ३३ | २१ | २१ | ७ चालु अवस्थामा नहरेको |
| कम्प्युटर | १५४ | ११ | ११ | ३ चालु अवस्थामा नहरेको |
| मोटरसाईकल | ११९ | ९ | ९ | चालु |
| फोटोकपी मेशिन | ९६ | १ | १ | चालु |
| फ्याक्स मेशिन | ९७ | ४ | ४ | २ चालु अवस्थामा नहरेको |
| जिप गाडी | ४४ | १ | १ | चालु |
| प्रिन्टर | ८७ | २१ | २१ | ९ चालु अवस्थामा नहरेको |
| सफ्टवयर | १२९ | २ | २ | मुल्य २६१००० को प्रयोग विहिन |
| क्यामरा | २० | १५ | १५ | ५ थान प्रयोगमा नहरेको |
| स्टील दराज | ७३ | ५८ | ५८ | ८ प्रयोग विहिने |
| प्रोजेक्टर | ९० | ४ | ४ | १ प्रयोग विहिन |
| एसी | १४६ | १ | १ | चालु |
| जेनेरेटर | ४५ | २ | २ | चालु |
| टाइफर मेशिन (फो.पु.को लठ्ठा तान्ने) | ६० | १ सेट | १ सेट | चालु |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | इन्भटर \| ८ \| ६ \| ६ \| चालु | | | |
| | | **कार्यक्रम कार्यान्वयन** | | | |
| १४ | | **चौमासिक खर्चको स्थिति** : लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार कार्यालयको चौमासिक खर्चको अवस्था निम्नानुसार छ : | | | |

| सि. न. | कार्यक्रमकोनाम | उप शिर्षक नं. | कुल खर्च | चौमासिक खर्च | | | ०७१ आ.को मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौ.मा. | दोश्रो चौ.मा. | तोश्रो चौ.मा. | |
| १ | गाविस अनुदान | ३६५८०२३ | १०३२९६४००।० | १०५०५७००।० | ३६९६४२००।० | ५५८२६५००।० | ७१३७८००।० |
| २ | जि.वि.स.अनुदान | ३६५८०१३ | ५१९६१७७८।४ | ०।० | ४८६८०९९।० | ४७०९३६७९।४ | २१७४६७२९।२ |
| ३ | स्थानिय स्वयत शासन तथा सामाकि विकास | ३६५८१९३ | १०४४८४६७।० | ९८७०००।० | ०।० | ९४६१४६७।० | ७१०८६६९।० |
| ४ | कृषी सडक | ३६५८०८३ | ९९५७२७०।० | १९२८३९६।० | २८२७०२१।० | ५२०१८५३।० | २१९०६७७३।० |
| ५ | ग्रा.खा.पा. | ३६५८०४३ | ८२९६७८८।० | ०।० | ०।० | ८२९६७८८।० | १२९२३०।० |
| ६ | ग्रामीण पहुच सुधार तथा विकेन्द्रिकरण | ३६५८१४३ | २३२४४५५४।० | ९८५३९२४।० | ०।० | १३३९०६३०।० | ५३९९५५४।० |
| ७ | झो.पु. | ३६५८०९३ | १२३७३५२७।५ | ९३८४४१।० | ३१२६४६४।० | ८३०८६२२।५ | ६९१४०४७।० |
| ८ | उपेक्षित उत्पीडित | ३६५१०६३ | ३००००००।० | ०।० | ०।० | ३००००००।० | ३००००००।० |
| ९ | वौध | ३६५१०१३ | १००००००।० | ०।० | ०।० | १००००००।० | ६७००००।० |
| १० | वितिय आयोग | ३६५१०४३ | ३८१०५०।० | ०।० | ०।० | ३८१०५०।० | ०।० |
| ११ | पिछाडिएको समुदाय | ३६५१०८३ | २००००००।० | ०।० | ०।० | २००००००।० | २००००००।० |
| १२ | सडक पुल | ३६५८३१३ | ८३१५७१८।० | ०।० | ०।० | ८३१५७१८।० | ७९३११६६।० |
| १३ | साना सिंचाई | ३६५८३७३ | ८४९८२९२।० | ०।० | १०४४७७९।० | ७४५३५१३।० | ३२०५५८५।० |
| १४ | सुनौला हजार दिन | ३६५८३८३ | ११४१३५१०।० | ०।० | ०।० | ११४१३५१०।० | ७८२६४४५।० |
| १५ | शान्ती | ३४९८०१३ | ९६८०००।० | ०।० | ०।० | ९६८०००।० | ७४८०००।० |
| १६ | राष्टीय युवा परिचालन | ३४३१०१३ | ८५१४००।० | ०।० | ०।० | ८५१४००।० | ४२९१८०।० |
| १७ | रोजगार प्रर्वधन कार्यक्रम | ३७११०५३ | ४१६४८६।० | ०।० | ०।० | ४१६४८६।० | ०।० |
| १८ | रोयल्टी व्यवस्थापन(विधुत) | ३०८१०९३ | २००००००।० | ०।० | ०।० | २००००००।० | २००००००।० |
| १९ | आदिवासी जनजाती | ३६५१०५३ | १६७३३९।० | ०।० | ०।० | १६७३३९।० | १६७३३९।० |
| २० | रोजगार प्रर्वधन कार्यक्रम | ३७११०५४ | १५०००००।० | ०।० | ०।० | १५०००००।० | १५०००००।० |
| | | जम्मा | **२५१५४०५७९।९** | **२४२१३४६१।०** | **४८८३०५६३।०** | **१७८४९६५५५।९** | **९१५६७५१७।२** |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उल्लेखीत विवरणबाट कूल खर्च रु.२५१५४०५७९।९ मध्ये तेश्रो चौमासिक मा रु.७०.९६ प्रतिशत आषाढ महिनामा ३६.४० प्रतिशत खर्च भएको देखियो । वर्षान्तमा अधिकांश रकम खर्च हुँदा गुणस्तर कायम नहुने र अनावश्यक खर्च हुन जाने सम्भावना रहन्छ । | | | |
| १५ | | **कार्यालयको निरीक्षण –** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० (१) वमोजिम सचिवले आफ्नो मन्त्रालय मातहतका विभाग, परियोजना तथा कार्यालयको र विभागीय प्रमुख तथा कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतको कार्यालय तथा परियोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गर्नु गराउनु पर्नेछ भन्ने उल्लेख छ । यस कार्यालयमा यस वर्ष तालुक कार्यालयले नियमले तोके वमोजिम ४० वटा गा.वि.स.हरुको निरीक्षण गरी प्रतिवेदन गर्ने गरेको पाइएन । नियमावलीको व्यवस्था परिपालनामा जिम्मेवार पदाधिकारीहरुबाट सकारात्मक पहल हुन नसकेका कारण यस्तो अवस्था विद्यमान रहन गएको देखिन्छ । जसको फलस्वरुप मातहत कार्यालयहरुको कार्य प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नसकिने अवस्था आउन जान्छ । तसर्थ कार्यमा प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नियमावलीको पालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | | | |
| १६ | | **स्थलगत निरीक्षण :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को २०० बमोजिम स्वीकृत योजना सम्बन्धित निकायले कार्यतालिका बनाई कार्यान्वयन गर्नुका साथै सम्पन्न योजना सुचारुरुपले सञ्चालन गर्न उचित रेखदेख र सम्भार समेत गर्नुपर्ने व्यवस्था तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४८ (६) ग बमोजिम लेखापरीक्षण टोली र कार्यालयका जिम्मेवारी पदाधिकारीका साथ जिल्ला विकास समितिको कार्यालय उदयपुरले सम्पन्न गरेका निम्न कार्यक्रमहरुको लेखापरीक्षणका क्रममा स्थलगत अवलोकन व्यहोरा निम्नानुसार रहेको छ ।<br><br>क) उदयपुर जिल्ला, रौता गा.वि.स. वडा नं. ९ को छौडे खोलामा निर्माणधिन छौडिया खोला आर.सि.सि. पुल निर्माणको मिति २०६९/०२/०८ निर्माण सम्पन्न गर्ने गरी सम्झौता भई चौथो विल सम्म रु.७७,०५,१८५।८८ भूक्तानी भई सकेकोमा पुलको ढलान कार्य सम्पन्न भई एप्रोच रोड बनाउने र साईट क्लियरेन्स गरी बाटो खोल्ने कार्य बाँकी रहेकोमा उक्त कार्य विगत १ वर्षदेखि निर्माण कार्य स्थगित रहेको देखियो ।<br><br>ख) मुर्कुची बजार सहरीकरण नाली निर्माण कार्य २०७०/८/२१ मा शुरु भई ०७०/१२/१८ मा सम्पन्न भई जि.वि.स.ले कार्यसम्पादनका आधारमा रु.९,६०,०००।० भूक्तानी गरेको योजनाको स्थलगत निरिक्षण गर्दा निर्माण कार्य सन्तोषजनक रहेको देखियो ।<br><br>ग) वैद्यनाथखोला आर.सि.सि.पूल निर्माण २०६९/१/२२ मा सम्झौता भई पटक-पटक म्याद थप भई २०७०/११/१४ मा सम्पन्न भई रु.१९११७०२४।०८ भूक्तानी भएकोमा भेरियसन वापत १०९४२७४।४१ (स्टीमेट रकमको ५.३० प्रतिशत) थप व्ययभार पर्दछ । सो पूलको निर्माणकार्य हेर्दा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | सन्तोषजनक देखिएकोछ । | | | |
| १७ | | **अधूरा योजनाको स्थिति**<br>**स्थानीय स्तरका सडक, पूल कार्यक्रम :** यस अन्तर्गत ल.ई. १,४६,६०,५६९।४४ रहेको छौंडियाखोला पक्की पूल निर्माण कार्यका लागि लोकप्रीय निर्माण सेवासँग मिति २०६८/०२/०८ मा रु.१,२१,४१,१२४।३५ मा सम्झौता भई ०६९/२/८ मा सम्पन्न गर्ने गरी काम शुरु भएकोमा खाडल खन्ने क्रममा चट्टान भेटिन गई निर्माण कार्यमा ढिलाई हुन गएकाले पटक पटक म्याद थप गरी सम्पन्न हुनुपर्ने मिति २०७१/३/३१ कायम गरी सो अवधि सम्म ८८,७१,६६७।६४ भुक्तानी भएको देखिन्छ । साईट इन्चार्जको भनाई अनुसार ठेकेदारको व्यवस्थापकीय कमजोरी, डिजाईन परिवर्तन र निर्णय प्रक्रियामा ढिलाईका कारण निर्माण कार्य अधुरो रहन गएको छ । हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको उक्त निर्माण कार्यको सडक एप्रोच रोड र पुल जोड्ने दुवै तर्फको ढलाई सम्बन्धी काम बाँकी रहेको देखिन्छ ।<br><br>कार्यतालिका बमोजिम निर्माणव्यवशायीले काम नगरेको र कार्यालयले समेत गराउन नसकेकोले यो अवस्था आएको हो । यसप्रकार समयमा निर्माण कार्य सम्पन्न हुन नसक्दा लाभग्राहीले उक्त लगानीको प्रतिफल प्राप्त गर्न सकेको छैन । आवश्यक कार्यविधी पूरा गरी अविलम्व पूल निर्माण कार्य सम्पन्न गर्न कार्यालयले प्रयत्न गर्नुपर्ने देखियो । योजना सम्पन्न गर्न पर्याप्त ध्यान पुऱ्याई समयमै लक्षित वर्गलाई लाभ पुऱ्याउन प्रयत्न गर्नुपर्ने अन्यथा समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई आवश्यक कार्वाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । | | | |
| १८ | | **आवधिक योजनाको तयारी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(१) मा एक वर्ष भन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आायोजनाको गुरु योजना तयार गर्नु पर्ने छ । गुरु योजना तयार गर्दा सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिवाट र कुन काम अन्य प्रकृयावाट गराउने हो सो समेत छुट्याई सम्वन्धित निकायाट निर्णय गराउनु पर्ने उल्लेख छ । कार्यालयले जिल्लाको अवधिक योजना हाल सम्म तयार नगरेको सम्बन्धमा कार्यालयले उक्त कार्य निर्माणको चरणमा रहेको जवाफ दिएको छ । विना योजना कार्यक्रम छान्ने र कार्यान्वयन गर्ने गराउने हुंदा राम्रो प्रतिफल प्राप्त हुन नसकी छनौट भएका योजनाहरुको लगानी खेर जाने देखिन्छ । कार्यालयले गुरु योजना तयार गरी योजनाहरु छनौट गर्नु पर्दछ । | | | |
| १९ | | **आर्थिक कारोवारको निरीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२२(२) मा जिल्ला विकास समतिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गांउ विकास समितिहरुको आर्थिक कारोवारको कम्तीमा वर्षको १ पटक निरीक्षण गरी सो को प्रतिवेदन गांउ विकास सामिति, जिल्ला विकास समिति र मन्त्रालयमा पेश गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले गाउं विकास समितिहरुको निरीक्षण गरेको छैन । निरीक्षण नगरेको सम्वन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । निरीक्षण अनुगमन नगर्नाले कामको गुणस्तर र | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रभावकारीता कम हुने देखिन्छ । तसर्थ कार्यालयले नियमले तोके अनुसार निरीक्षण अनुगमन गर्नु पर्दछ । | | | |
| २० | | **महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०४(१) मा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औंल्याएको व्यहोराहरुमा पर्याप्त सुधार गरेको देखिएन । गत विगतका व्यहोराहरु यस वर्ष पनि दोहोरिएका छन् । कार्यालयले यसमा सुधार गर्दै जाने जनाएको छ । एकै प्रकृतिका व्यहोराहरु वर्षेनी दोहोरिंदै जानाले बेरुजूको अंङ्क बढ्दै जाने देखिन्छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयको सुझावलाई कार्यान्वयन गरी लागू गर्नुपर्दछ । | | | |
| २१ | | **अनुगमन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० (१) जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जूमा गर्दा अनुमान गरिएका श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको आयोजनाको कार्यान्वयनको तालिका अनुसार भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गर्न तथा आयोजनाको कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चनहरु समाधानको लागि आवश्यक निर्देशन दिन एक सुपरिवेक्षण तथा अनुगमन समितिको गठन हुने तथा सो समितिले कार्य तालिका र लक्ष्य अनुसार कार्य नभएकोमा सम्बन्धित पक्षलाई सचेत गराउन सक्ने व्यवस्था छ । साथै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं. ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धित थप व्यवस्था गरेको छ ।<br><br>कार्यालयले योजना अनुगमनका नाममा केही पदाधिकारी र कर्मचारीलाई खटाएको पाइएतापनि यस वर्ष सञ्चालित योजना अनुगमन तथा सुपरिवेक्षण गरेको पर्याप्त आधार र पुष्ट्याई पेश गरेको छैन । धेरै तथा टुक्रे योजना तर्जूमा तथा सञ्चालन गर्ने गरेको कारणले गर्दा अनुगमन तथा सुपरिवेक्षणतर्फ ध्यान दिन नसकेको अवस्था छ । योजना तथा कार्यक्रमहरुको तर्जूमा, कार्यान्वयन, सो सम्बन्धमा देखिएका व्यवधानहरु समाधानमा सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्दा योजना तथा कार्यक्रमको समय सापेक्ष सञ्चालन तथा गुणस्तरमा सुधार हुन नसक्ने अवस्था रहेको छ । तसर्थ ऐन तथा कानूनमा व्यवस्था भए बमोजिम सुपरिवेक्षण तथा अनूगमन कार्यलाई चालू तथा गतिशिल तुल्याई योजना तथा कार्यक्रम सञ्चालनका बाधा व्यवधान समाधान गरि गुणस्तर कायम गर्न ध्यान दिनुपर्दछ । | | | |
| २२ | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी त्यसको प्रमाण संलग्न गरी अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर कारबाही चलाएको छैन । कार्यालयले प्रतिवेदन कार्यान्वयन नगरेको सम्बन्धमा भर पर्दो जवाफ दिएको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन नगर्नाले आन्तरिक नियन्त्रण भएको देखिंदैन । कार्यालयले नियमको पालना गरी आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरुमा समयमै फछ्र्यौट गर्ने परीपाटी बसाल्नु पर्दछ | | | |
| २३ | | **योजना हस्तान्तरण –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २६ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो संचालन हुने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ ।<br><br>कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष संचालित योजनामध्ये २८६ योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सम्पन्न भएता पनि कुनै पनि योजना हस्तान्तरण भएको देखिएन ।<br><br>कार्यालयले तोकिएको प्रक्रिया अवलम्बन गरी योजनालाई हस्तान्तरण गर्ने पद्दतिको विकास नगरेको कारण कार्य सम्पन्न प्रतिवेदनलाई नै उपलब्धिको रुपमा लिंदा योजना हस्तान्तरण विधिवत हुन नसकेको पाइयो । सम्पन्न योजना हस्तान्तरण नगर्दा सम्बन्धित उपभोक्ता समिति एवं गै.स.स.लाई उक्त योजना प्रतिको अपनत्व बोध हुन नसकि आयोजनाको दीगोपना अनिश्चित हुने वातावरण सिर्जना हुदैन । कार्यालयले सम्पन्न योजनाहरु यथासक्य हस्तान्तरण गरी आयोजनाको मर्मत संभार समेतको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति र समुदायलाई दिनका लागि आगामी दिनमा यथेष्ट ध्यान पुर्‍याउनुपर्ने देखिन्छ । | | | |
| | | **आय व्यवस्थापन** | | | |
| २४ | | **आय प्रक्षेपण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ (क) मा कार्यालयले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आयश्रोतको उपलव्धता संभावित परिचालन, व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्युनतम ठेक अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नूपर्ने व्यवस्था छ ।<br>यो वर्ष कार्यालयले राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक आयको न्युनतम अंक निर्धारण गरेको भए पनि राजस्व परामर्श समितिले आय प्राप्त हूने श्रोतको संभावित परिमाण र त्यसको लागि लाग्ने लागत समेत विचार गरी न्युनतम अंक | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रक्षेपण गर्नू पर्नेमा त्यसो नगरी कतिपय श्रोतमा न्युनतम अंक सिफारिस गरेको पाइयो । ७ औं जिल्ला परिषदवाट पारित वार्षिक जिल्ला विकास योजना को अनुसूची ३ अनुसार कार्यालयले आन्तरिक श्रोत तर्फ विभिन्न ११ शिर्षकमा रु २ करोड ४१ लाख २१ हजार आय हुने र राजश्व वाडफाड तर्फ रु ९१ लाख ९५ हजर अनुमान गरेकोमा कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात र विगत वर्ष देखि श्रेस्ता अनुसार भन्दा वैंक वढी भएको भनि आम्दानी देखाएको रकम वाहेक आन्तरिक श्रोत तर्फ रु १ करोड ४६ लाख ६५ हजार अर्थात प्रक्षेपित आन्तरिक आयको ६०.८० प्रतिशत र राजश्व वाडफाडवाट रु ७७ लाख ६९ हजार प्रक्षेपितको ८४.४९ प्रतिशत आय भएको देखिन्छ ।<br><br>कार्यालयले श्रोत नक्सांकन गरी आय प्रक्षेपण गर्ने प्रणालीको विकास नगरेको र प्रक्षेपणलाई कार्यालय सञ्चालन वा आय ठेक्का प्रक्रियाको एक अंग मात्र बनाई प्रक्षेपण गर्ने गरेका कारण यस्तो अवस्था सिर्जना भएको हो । यसले गर्दा आय व्यवस्थापन तथ्यगत हून नसकी आम्दानी घट्ने सम्भावना रहन्छ । तसर्थ, कार्यालयले वस्तूपरक तवर श्रोतगत रुपमा छूट्टा छूट्टै अध्ययन विश्लेषण गरी आय प्रक्षेपण गर्ने पद्धतीको विकास गर्नूपर्दछ । | | | |
| २५ | | **IEE परिमाण :-** जिल्ला भित्रका प्राकृतिक श्रोत साधनहरुको उचित संरक्षण र सम्बद्धन गरी वातावरणीय प्रभावमा असर नपर्ने गरी उत्खनन विक्री वितरण तथा निकासी गर्ने अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ र नियमावली २०५६ को नियम २१० मा जिल्ला विकास समितिमा रहेको पाईन्छ । IEE (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदन स्वीकृती भई आयको ठेक्का व्यवस्थापन हुदै आएपनि ठेक्का व्यवस्थापन भएका क्षेत्रबाट के कति परिमाणका ढुंगा, वालुवा, गिट्टी विक्री भयो सोको प्रभावकारी अनुगमन, निरीक्षण र नियन्त्रण प्रणालीको व्यवस्था जि.वि.स.ले गरेको पाइएन । ठेकेदारले खानी, नदी किनार र सार्वजनिक स्थलबाट आफुखुशी तरिकाले ढुंगा वालुवा उत्खनन, विक्री तथा निकासी गरेकोमा तोकेको परिमाणमा मात्र विक्री वितरण भएको छ भन्न सकिने अवस्था देखिदैन। जि.वि.स.ले प्रचलित व्यवस्थालाई सुधार गरी IEE तथा EIA(वातावरणीय तथा प्रभाव मूल्याङ्कन)ले तोकेको स्थान र परिमाणमा यी वस्तु विक्री गरी प्राकृतिक श्रोत साधनको विवेकपूर्वक दोहन तथा सदुपयोग गर्दै जि.वि.स.को आम्दानी बढाउने तर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ | | | |
| २६ | | **ठेक्का वन्दोवस्त :-** यस कार्यालयले २०७०/७१ मा गिटी, ग्राभेल, वालुवा र वोल्डर विक्री को लागि वोत्रपत्र आह्वान गरेकोमा निम्न अनुसार वोल पत्र स्वीकृत गरेको पाइयो । सार्वजनिक खरिद ऐन | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | २०६३ को दफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । यसैगरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण डोरलाई प्राप्त भएको विवरण अनुसार बोलपत्र विक्री, दाखिला तथा फिर्ताको अवस्था निम्नानुसार रहेको पाइयो । | | | |

| क्र.सं. | ठेकेदारको नाम | बापत | विक्री परिमाण क्यू. फिठ | विक्री | दाखिला | न्युनतम मुल्याङ्कन | ठेक रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कालिका सप्लायर्स एण्ड ट्रेडर्स | कालीखोला, लामाखोला ढुङ्गा गिटी वालुवा खोला विक्री कर संकलन | १०००० | १ | १ | ४००००० | ४०१००० |
| २ | कालिका सप्लायर्स एण्ड ट्रेडर्स | माडिवासखोला, द्वारखोलाको ढुङ्गा गिटी वालुवा खोला विक्री कर संकलन | १०००० | १ | १ | ४००००० | ४०२१०० |
| ३ | एम.डि.एस.सप्लायर्स | ढुङ्गा, गिटी, वालुवा (वरुवा, त्रियुगा) खोला विक्री कर | ४०००० | ४ | ३ | १६२५००० | १७०११११ |
| ४ | एम.डि.एस.सप्लायर्स | लालपत्ताखोला (ढुङ्गा, गिटी, वालुवा) खोला विक्री कर ठेक्का | २१००० | १ | १ | २२५००० | २३१००० |
| ५ | सूर्य कन्ट्रक्सन | तावाखोला कमलाखोला (ढुङ्गा, गिटी, वालुवा) खोला विक्री कर ठेक्का | ११२५० | ६ | ३ | ४५०००० | ५९९००० |
| ६ | न्यू कार्की सप्लायर्स एण्ड ट्रेडर्स | वनजन्य काठ जिल्ला निकासी ठेक्का | ० | ७ | ५ | ६००००० | ८११००० |
| ७ | एम.डि.एस.सप्लायर्स | पशु चौपाया जिल्ला निकासी ठेक्का | | ४ | १ | ६००००० | ६११११११ |
| ८ | शिव.ॐ निर्माण सेवा | वनजन्य कर वनकस, खोटो, जडिबुटी जिल्ला निकासी | | ५ | २ | ११००००० | ११५१००० |
| ९ | भावना सप्लायर्स | पटके सवारी कर (गाईघाट, फत्तेपुर, आम्वासी, तपेश्वरी) | | १ | १ | १४००० | १४०२०० |
| १० | एम.डि.एस.सप्लायर्स | सुकौरा-मुर्कुची-नेपालटार पटके सवारी | | १ | १ | ४५००० | ४५५०० |
| ११ | सोमवारे मैनामैनी सप्लायर्स | चतराघाट तरीतराई सेवा सुल्क | | १ | १ | १६००० | १६०२५० |
| १२ | सप्तकोशी सप्लायर्स | गाईघाट-बेल्टार-बसाहा पटके सवारी कर | | २ | २ | ५०००० | ५५००० |
| १३ | ओम कवार्ड एण्ड जनरल अर्डर सप्लायर्स | कृषिजन्य (२०७०।१।२६ मा ठेक्का रद्द गरिएको छ) | | ७ | ७ | ११५०००० | २१०२२०० |
| | जम्मा | | | | | | **६३०८२७२** |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २७ | | **मूल्य अभिवृद्धि कर :** आन्तरिक आयका ठेक्का पट्टाहरुमा मू.अ.कर ऐन २०५२ को दफा १५(३) अनुसार ठेक्का रकममा भएको रकममा १३% को दरले मु.अ.कर असूल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । देहाय अनुसारका आन्तरिक आयका ठेक्का पट्टाहरुमा मू.अ.कर असूल गरेको देखिएन । | | | |

| क्र. सं. | ठेकेदारको नाम | बापत | ठेक्का रकम | ठेक्काबाट असुली रकम | १३ प्र.श. मू.अ.कर |
|---|---|---|---|---|---|

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td colspan="3">
<table>
<tr><td>१</td><td>कालिका सप्लायर्स एण्ड ट्रेडर्स</td><td>कालिखोला लामाखोला ढुंगा गिटी बालुवा निकासी</td><td>४०१०००</td><td>४०१०००</td><td>५२१३०</td></tr>
<tr><td>२</td><td>कालिका सप्लायर्स एण्ड ट्रेडर्स</td><td>माडिवास, द्धारखोला ढुंगा, गिटी, वालुवा निकासी</td><td>४०२१००</td><td>३६१८९०</td><td>४७०४५.७०</td></tr>
<tr><td>३</td><td>कार्की सप्लायर्स</td><td>वनजन्य काठ जिल्ला निकासी</td><td>८११०००</td><td>७२९९००</td><td>९४८८७</td></tr>
<tr><td>४</td><td>एम. डि.एस. सप्लायर्स एण्ड ट्रेडर्स</td><td>सुर्कौरा मुर्कुची नेपालटार</td><td>४५५००</td><td>४५५००</td><td>५९१५</td></tr>
<tr><td>५</td><td>सोमवारे मैनावती सप्लायर्स एण्ड ट्रेडर्स</td><td>चतराघाट तरीतराई</td><td>१६०२५०</td><td>१४४२२५</td><td>१८७४९.२५</td></tr>
<tr><td>६</td><td>शिव ॐ निर्माण सेवा</td><td>वनजन्य कर वनकस खोटो जडिबुटी निकासी</td><td>११५१०००</td><td>११५१०००</td><td>१४९६३०</td></tr>
<tr><td>७</td><td>एम. डि.एस. सप्लायर्स एण्ड ट्रेडर्स</td><td>पशु चौपाया जिल्ला निकासी</td><td>६१११११</td><td>४९५५००</td><td>६४४१५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>४३२७७१.९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td></td><td>ऐनको व्यवस्था उपर कार्यालयले ध्यान नपुऱ्याएको कारण कर छुट हुन गएको देखिन्छ । यसले गर्दा सरकारी राजश्व असूली न्यून हुन जान्छ । तसर्थ ऐन अनुसार लाग्ने मु.अ.कर असूल गर्नुपर्ने रु.</td><td>४३२७७१/९५</td><td></td><td></td></tr>
<tr><td>२८</td><td></td><td>कार्यसम्पादन जमानत :–<br>१) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६९ (५) अनुसार आय ठेक्का दिदा परफरमेन्स वण्ड वा नगदै प्राप्त भएपछि पट्टा दिनु पर्ने व्यवस्था छ । कृषिजन्य तथा अन्य मालसामान निकासी कर उठाउने ठेक्काको न्यूनतम ठेक्का अंक ११५००००। तोकी सूचना प्रकाशित भए अनुसार ठेकेदार ओम कवार्ड एण्ड जनरल सप्लायर्स धनुषा सँग सम्झौता रु. २१०२२००। को कवुल गरेको ठेक्का अंक परफरमेन्स वण्ड बिना नै ठेक्का चलान पूर्जी दिएकोमा २०७०।२।६ को निर्णयबाट ८ महिनाको रु. १६४५०००। असुल गरी ठेक्का रद्द गर्ने निर्णय गरेकोमा रु. ४५७२००। असुल गर्न बाँकी देखियो । परफरमेन्स वण्ड वा नगदै प्राप्त नभई चलान पूर्जी दिएकोले सो उक्त असुल गर्न बाँकी रकम रहन गएको हो । नियमावलीले तोकेको प्रावधान पालना नगरी ठेक्का दिई २०७०।२।६ मा ठेक्का रद्द गर्नाले कार्यालयलाई हानी नोक्सानी परेको सम्बन्धमा आवश्यक कारवाही गरी रकम असुल गर्नु पर्ने रु.</td><td>४५७२००।</td><td>राजस्व</td><td></td></tr>
<tr><td></td><td></td><td>२) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६९ (५) अनुसार आय ठेक्का दिदा परफरमेन्स वण्ड वा नगदै प्राप्त भएपछि पट्टा दिनु पर्ने व्यवस्था छ । कृषिजन्य तथा अन्य मालसामान निकासी कर उठाउने ठेक्काको न्यूनतम ठेक्का अंक ६४५०००।० तोकी सूचना प्रकाशित भए अनुसार ठेकेदार कालिका सप्लायर्स एण्ड ट्रेडर्स फत्तेपुर १ सँग सम्झौता रु. ६,४०,०००।० को कवुल गरेको ठेक्का अंक परफरमेन्स वण्ड बिना नै ठेक्का चलान पूर्जी दिएकोमा २०७१।२।९ को निर्णयबाट १० महिनाको रु. ५०००००। असुल गरी ठेक्का रद्द गर्ने निर्णय गरेकोमा रु. १४५०००।० असुल गर्न बाँकी देखियो । परफरमेन्स वण्ड वा नगदै प्राप्त नभई चलान पूर्जी दिएकोले सो उक्त असुल गर्न बाँकी रकम रहन गएको हो । नियमावलीले तोकेको प्रावधान पालना नगरी ठेक्का दिई २०७१।२।९ मा ठेक्का रद्द गर्नाले कार्यालयलाई हानी नोक्सानी परेको सम्बन्धमा आवश्यक कारवाही गरी रकम असुल गर्नु पर्ने रु.</td><td>१४५०००।०</td><td>राजस्व</td><td></td></tr>
<tr><td>२९</td><td></td><td>बक्यौता असूली : कार्यलयले पेश गरेको विवरण अनुसार वक्यौता विवरण अनुसार गत विगत वर्षको वक्यौता रु. ३४३५९२९।७३ वाकी रहेको मध्ये यस वर्ष सावा रु.७९३३२।० र व्याज रु.</td><td>११६६११।००</td><td>राजस्व</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ७९३३।० समेत जम्मा रु.८७२६६।- असुली भइ र यस वर्षको वक्यौता रु.११६६११।०० रही कर, दस्तुर, सेवा शुल्क र भाडा आदि उठाउने पार्टीसँग २०७१ असार मसान्त सम्ममा असुली हुन रु. ३४,७३,२०८।७३ वांकी रहेको देखाइक । विवरण अनुसार आर्थिक वषं ०३०।३१ देखिको बक्यौत असुली राजस्व हुन वाकी देखिएको छ । उक्त बक्यौता रकम असुल गर्न कार्यालको ध्यान जानु पर्ने देखिन्छ । यस वर्षको वक्यौता बाकी एम डि एस सप्लायर्सबाट असुल हुन बाकी देखिएको रु. | | | |
| | | पुरान वक्यौताका सम्बन्धमा कार्यालयले वक्यौता असूलीलाई प्राथमिकतामा नराखेको कारण यस्तो हून गएको देखिन्छ । तसर्थ, बक्यौता असुली सम्बन्धी कार्यलाई कार्ययोजना सहित थप प्रभावकारी बनाई असूली प्रक्रिया अगाडी बढाउनूपर्ने अन्यथा सरकारी बांकी सरह रकम असूलउपर गर्नूपर्ने देखिएको छ । | | | |
| ३० | | **ठेक्काकाकार्यमा मिलेमतो :** सार्वजनिक खरिद ऐन २०६३ कोदफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । यसैगरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ ।<br>यस आ.व.मा यस कार्यालयबाट भएका ढुङ्गा, गिटी, वालुवा, बनजन्य काठ, कृषिजन्य बस्तु निकासी तथा विक्री सम्बन्धि ठेक्काको वोलपत्र सम्बन्धि कारोवारको विवरण देहाय बमोजिम छ । | | | |

| क्र. सं. | ठेकेदारको नाम | बापत | विक्री परिमाण क्यू. फिट | विक्री | दाखिला | न्युनतम मुल्याङ्कन | ठेक रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कालिका सप्लायर्स एण्ड ट्रेडर्स | कालीखोला, लामाखोला ढुङ्गा गिटी वालुवा खोला विक्री कर संकलन | १००००.०० | १ | १ | ४००००० | ४०१००० |
| २ | कालिका सप्लायर्स एण्ड ट्रेडर्स | माडिवासखोला, द्वारखोलाको ढुङ्गा गिटी वालुवा खोला विक्री कर संकलन | १००००.०० | १ | १ | ४००००० | ४०२१०० |
| ३ | एम.डि.एस.सप्लायर्स | ढुङ्गा, गिटी, वालुवा (वरुवा, त्रियुगा) खोला विक्री कर | ४०००० | ४ | ३ | १६२५००० | १७०११११ |
| ४ | एम.डि.एस.सप्लायर्स | लालपत्ताखोला (ढुङ्गा, गिटी, वालुवा) खोला विक्री कर ठेक्का | २१००० | १ | १ | २२५००० | २३१००० |
| ५ | सूर्य कन्ट्रक्सन | तावाखोला कमलाखोला (ढुङ्गा, गिटी, वालुवा) खोला विक्री कर ठेक्का | ११२५० | ६ | ३ | ४५०००० | ५९९००० |
| ६ | न्यू कार्की सप्लायर्स एण्ड ट्रेडर्स | वनजन्य काठ जिल्ला निकासी ठेक्का | ० | ७ | ५ | ६००००० | ८११००० |
| ७ | एम.डि.एस.सप्लायर्स | पशु चौपाया जिल्ला निकासी ठेक्का | | ४ | १ | ६००००० | ६१११११ |
| ८ | शिव.ॐ निर्माण सेवा | वनजन्य कर वनकस, खोटो, जडिबुटी जिल्ला निकासी | | ५ | २ | ११००००० | ११५१००० |
| ९ | भावना सप्लायर्स | पटके सवारी कर (गाईघाट, फत्तेपुर, आम्वासी, तपेश्वरी) | | १ | १ | १४००० | १४०२०० |
| १० | एम.डि.एस.सप्लायर्स | सुकौरा-मुर्कुची-नेपालटार पटके सवारी | | १ | १ | ४५००० | ४५५०० |
| ११ | सोमवारे मैनामैनी सप्लायर्स | चतराघाट तरीतराई सेवा सुल्क | | १ | १ | १६००० | १६०२५० |
| १२ | सप्तकोशी सप्लायर्स | गाईघाट-बेल्टार-बसाहा पटके सवारी कर | | २ | २ | ५०००० | ५५००० |
| १३ | ओम कवार्ड एण्ड जनरल अर्डर सप्लायर्स | कृषिजन्य (२०७०।१२।६ मा ठेक्का रद्द गरिएको छ) | | ७ | ७ | ११५०००० | २१०२२०० |
| जम्मा : | | | | | | | ६३०८२७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपरोक्त बमोजिम ठेक्काको लागि बोलपत्र विक्री उत्साहप्रद नदेखिएको, विक्री भएकामध्ये पनि धेरैजसोमा बोलपत्र दर्ता कम भएको अवस्था देखिन आयो विद्युतिय ठेक्का प्रणालीबाट समेत ठेक्का प्रक्रिया सञ्चालन गरेकोले सिमित प्रतिस्पर्धालाई नियन्त्रण गर्न नसकेको कार्यालयको भनाइ रहेतापनी | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | बोलपत्र मूल्यांकन समितिले विक्री भएका सम्पूर्ण बोलपत्र दाखिला हुन नसक्नुको कारणसहित बोलपत्र खरिदकर्ताहरुसंग जानकारी लिई मिलेमतो भए नभएको एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गर्नुपर्नेमा सम्वन्धित बोलपत्र खरिदवालाहरुसंग बोलपत्र पेश नगर्नुको कारणबारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाइयो । फलस्वरुप बोलपत्रदाताको संख्या न्यून हुन गई पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन<br>उक्त ठेक्काहरुमा लागत अनुमान र स्वीकृत ठेक अंक वीच तुलना गर्दा केही ठेक्कामा लागत अनुमानको तुलनामा न्यून प्रतिशत कम अंकमा ठेक्का स्वीकृत भएको छ । यसबाट पनि वित्तिय प्रस्ताव वीच पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भनी यकिन हुने आधार देखिएन । अतः कानूनले तोकेको व्यवस्था अनुसार बोलपत्रदाता वीच प्रर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न बोलपत्रदाताहरुको विचमा मिलेमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गरी आय संकलन गर्नु पर्दछ । | | | |
| ३१ | | **नगदी रसिद काट्ने नगरेको :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४१(१) मा प्राप्त हुने रकम आम्दनी रसिद काटी वुझि लिनु पर्ने उल्लेख छ । ठेकेदारहरुवाट आम्दानी तथा मू.अ.कर. असूली गर्दा, गा.वि.स.हरुवाट मालपोतको २५ प्रतिसत प्राप्त गर्दा, मालपोत कार्यालय तथा वन कार्यालयवाट राजस्व वांडफाड प्राप्त गर्दा, पेश्की पछ्र्यौटवाट नगद, चेक तथा बैक भौचरवाट आम्दानी प्राप्त गर्दा सम्वन्धितलाई नगदि रसिद दिने गरेको पाइएन । | | राजस्व | |
| ३२ | | **सिटी सभाहल ठेक्का :** कार्यालयको स्वामित्वमा रहेका सिटी सभाहल ए.वान क्वालिटि किचनलाई सभा सम्मेलन को लागि रु.१५०० र विवाह ब्रतवन्धमा रु. २५०० दैनिक भन्द वढी उठाउन नपाउने गरी २०६९।९।२९ मा सम्झौता गरी वार्षिक रु.२,१०,५५५ मा ठेक्कामा दिएको छ । सम्झौताको वखत माघ, फाल्गुण र चैत्र ३ महिनाको प्रथम किस्ता रु.५२,६४१ अग्रिम भुक्तानी गर्नुपर्ने र त्यस पछि २/२ महिनामा किस्ता वुझाउने गरी विजुली पानीको पैसा ठेकेदारले वुझाउने र सभाहलको फर्निचरको संरक्षण गर्नुपर्ने तथा प्रत्येक २ वर्षमा १० प्रतिशत भाडा वुझाउने सर्त राखि ठेक्का लगाएकोमा प्रथम किस्ता वाहेक असुल गरेको छैन । सम्झौतामा किस्ता नवुझाएमा व्याज तथा हर्जना असुल गर्ने सर्त राखेको नपाएकोले २०७० बैशाख देखि २०७१ वैशाख सम्म १३ महिनाको किस्ता रु.१९५६४७५० र प्रचलित ऐन, नियम अनुसार व्याज सहित असुल गर्नु पर्ने रु. | १९५६४७५० | राजस्व | |
| ३३ | | **अमानतवाट कर असुली :** विभिन्न गा.वि.स.हरुवाट ढुंगा, गिटी, वालुवाको कर असुली वापत रु. २९४२८०। र कृषिजन्यबाट रु. ९२१२५। अमानतवाट असुल गरेको रकम र नगदी रसिदको अधकट्टी जि.वि.स.पठाएको आधारमा रु ३८६४०५। आम्दानी गरेको पाइयो । कुन कुन स्थानवाट कुन कुन गा.वि.स.ले कर उठाउने हो सो सम्बन्धमा गा.वि.स. संग लिखित सम्झौता नगरी पत्राचार गरी अमानतबाट कर उठाउने गरेको पाइयो । | | | |
| ३४ | | **खानी कर :-** उदयपुर सिमेन्ट उद्योगको विभिन्न पत्र अनुसार चुन ढुंगा, रातो माटो प्रयोग गरेवापत मसिक रुपमा कार्यालयलाई चेक तथा बैक दाखिला भौचर पठाउने गरेका पाइयो । उक्त प्रयोजनवाट | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | राजस्व वाडफाड तर्फ खानी रोयल्टी रु. १०२१८०।५० आम्दानी भएको देखिन्छ । उक्त रकम कुन सम्झौता तथा नियम अनुसार भएको हो आधार छैन । | | | |
| ३५ | | **गा.वि.स.मालपोत असुली :-** नगरपालिका तथा गा.वि.स.हरुले असुल गरेको मालपोत रकमको २५ प्रतिशत रकमा जिल्ला विकास समितिमा पठाउनु पर्ने उल्लेख छ । यस वर्ष मालपोत असुली साखावाट बैंक दाखिला भएको रु.१५७९९४।४४ को विभिन्न बैक भौचर अनुसार आम्दानी देखाएकोमा कुन कुन गा.वि.स. र न.पा.वाट मालपोत वापत कति नगद वा बैक मार्फत असुली भएको हो कार्यालयले एकिन गरेको छैन । मालपोत शाखावाट प्रयोग गरेको नगदी रसिद पोष्टिङ्ग खाता लेखापरिक्षणमा पेश भएको छैन । सम्वन्धित गा.वि.स. र न.पा.हरुवाट असुल भएको मध्ये २५ प्रतिशत प्राप्त भएको छ भन्ने आधार भएन । कार्यालयले त्यस्तो अभिलेख राख्ने नगरेको व्यहोरा जनाएको छ । नियमानुसार अभिलेख राखी मालपोत असुली हिसाव फरफारक गर्नु पर्ने देखिन्छ । | | | |
| ३६ | | **राजस्व वांडफांड :-** मालपोत कार्यालयको र वन कार्यालयको पत्रवाट निम्न अनससार रु. १०९०३५२३।९१ प्राप्त भएको छ । कार्यालयहरुले नियमानुसार यथासमयमा राजस्व वांडफाड गरी पठाउनु पर्ने र यस कार्यालयले पनि समयमै ताकेता गरी माग गर्नु पर्ने देखिन्छ । कार्यालयले नियमानुसार कति प्राप्त गर्नु पर्नेमा कति प्राप्त गर्न वांकी छ हिसाव राखेको छैन । मालपोत कार्यालायवाट प्राप्त रकम मध्ये ५ प्रतिशत फिर्ता गर्नु पर्ने प्रावधान भएकोमो त्यस्तो रकम फिर्ता खर्च लेखेको समेत देखिदैन । यस सम्वन्धमा कार्यालयहरुले कट्टी गर्नु पर्ने रकम कट्टा गरेर पठाएको रकम लाई नै आधारा मानी आम्दानी गरेको जनाएको छ । राजस्व वांडफा पठाउने कार्यालयहरुको वार्षिक प्रतिवेदन लिई छडके भिडान गर्नु पर्ने देखिन्छ । | | | |
| ३७ | | **आन्तरिक नियन्त्रण प्रणाली मूल्यांकन –** कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । जसलाई आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकनका लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार २४ वटा बुँदा मध्ये निम्नानुसार व्यहोरा रहेका छन् : | | | |

| क.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वार्षिक खरिद योजना बनाएको | निर्धारित ढाँचा र सबै व्यहोरा खुलाई तयार नभएको । |
| २ | मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको | अन्यत्रबाट हस्तान्तरण भै आएका साथै अन्य सामानहरुको मूल्य नखुलेको |
| ३ | सबै सम्पत्तिहरू सम्बन्धित कार्यालय/आयोजना प्रयोजनमा उपयोग भएको | प्रयोग गरेको छ भन्ने सुनिश्चित नभएको । |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ४ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गरेको | मातहत कार्यालयहरुको समय समयमा निरीक्षण हुने गरेको भएतापनि व्यवस्थित प्रतिवेदन र अभिलेखको व्यवस्था नरहनुका साथै निरीक्षणको क्रममा दिइएका निर्देशनहरुको परिपालना गराउने तर्फ पहल गरेको पाइएन | | |
| | | ५ कार्यालयको निरीक्षण पुस्तिकामा उल्लिखित व्यहोराको कारबाही गरेको | छैन | | |
| | | ६ समयमा नै पेश्की फछ्र्यौट हुने गरेको | समयमा पेश्की फर्छ्यौट नभई गत विगतका पेश्कीको मात्रा अत्यधिक रहेको । | | |
| | | ७ कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरेको | छैन | | |
| | | ८ पहिचान भएका जोखिम निराकरणको प्रयास गरेको | छैन | | |
| | | ९ वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकाय पठाएको | लक्ष्य प्रगतिलाई नै वार्षिक प्रतिवेदनका रुपमा उपयोग गर्ने गरेको । | | |
| | | कार्यालयले आफ्नो आन्तरी नियन्त्रण व्यस्थालाई चुस्त राख्नका लागी पर्याप्त ध्यान नदिएको कारण यस्तो अवस्था सिर्जना भएको हो । यसबाट कार्यालयको आन्तरीक वातावरण व्यवस्थित र प्रणालीवद्ध नहुने तथा कार्यालयको कार्य वातावरण अव्यवस्थित हुन जान्छ । | | | |
| | | **अन्य** | | | |
| ३८ | | **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ ।<br>जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु १,४६,६५४८५।७६ देखिएकोमा सो को २५ प्रतिशत मात्र रु.३६,६६,३७१।४४ को सीमा भित्र रही खर्च गर्नूपर्नेमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु. १,०६,५९,७५८।०० खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु.६९,९३,३८६।०० बढी खर्च गरेको छ ।<br>कार्यालयको प्रशासनिक खर्च घटाउन नसकेको कारण उक्त खर्चमा नियमले तोकेभन्दा बढी हुन गएको देखिन्छ । नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर देखिन जाने र विकास कार्यमा श्रोतको कमी हुन जाने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले नियममा तोकेभन्दा बढी खर्च गरेको नियमसंगत भएको नदेखिएको रु. | ६९,९३,३८६।०० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>३९</td><td></td><td>कोष पूँजीगतबाट चालू प्रकृतिको खर्च स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ (१) क मा स्थानीय निकायको कोष पूँजीगत रकमबाट तलव, भत्ता, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, इन्धन, मर्मत सम्भार, टेलीफोन बिजुली महशुल लगायतका चालू प्रकृतिका खर्च गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष आन्तरिक कोष पूँजीगत खर्चबाट देहायनुसारका चालू प्रकृतिका खर्च भुक्तानी गरेको रु<br>
<table>
<tr><th>भौ.नं र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२२९/२०७१/३/३२</td><td>सार्वजनिक सुनुवाई वापत भुक्तानी</td><td>७५000.00</td></tr>
<tr><td>११७/२०७१/१/३०</td><td>ओम मिश्रलाई अनुगमन गर्न गए वापत गाडी भाडा भुक्तानी</td><td>१४000.00</td></tr>
<tr><td>११९/२०७१/२/५</td><td>नागरिक वडापत्र छपाई वापत रौंता आर्टलाई भुक्तानी</td><td>१३९७0.00</td></tr>
<tr><td>१२५/२०७१/२/९</td><td>पत्रकार महासंघलाई विभिन्न फुटकर खर्च खरिद</td><td>२०७८८.८८</td></tr>
<tr><td>२२६/२०७१/३/३२</td><td>प्रशासनिक खर्च वापतको भुक्तानी (भ्रमण खर्च समेत)</td><td>४0८४0.00</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>४०</td><td></td><td>अतिरिक्त भत्ता : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) अनुसार स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । साथै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशनअनुसार निजामती सेवाका कर्मचारीहरुको तलबमानलाई आधार मानी स्थानीय निकायका कर्मचारीहरुको तलवमान निर्धारण गर्नुपर्ने तथा वार्षिक तलब वृद्धिसमेत निजामती कर्मचारी सरह नै उपलब्ध गराउनुपर्ने व्यहोरा उल्लेख छ ।<br>कार्यालयले यो वर्ष जिल्ला विकास समितिका निजामति, प्रशासन अनुदान, कोष तर्फका र जिल्ला प्राविधिक कार्यालय समेत गरी जम्मा ४८ जना कर्मचारीलाई शुरु स्केलको २० प्रतिशतको दरले १२ महिनाको अतिरिक्त भत्ता रु २१,८६,०७६।- खर्च लेखेको छ । सो रकम कोष चालु तर्फ स्थानीय भत्ता शीर्षकमा विनियोजन भई खर्च भएको देखिन्छ । यहि व्यहोरा गत वर्षको प्रतिवेदनमा पनि समावेश गरेकोमा स्थिति यथावत देखियो ।<br><br>यसरी सेवा र सुविधा कार्यालयका कर्मचारी र प्राविधिक कार्यालयका कर्मचारीलाई समेत उपलब्ध गराइनुमा विगतमा जिविसको आन्तरीक आय तुलनात्मक रुपमा सबल रहँदा खर्चमा कम नियन्त्रण रहनु, बोर्डले गरेका जुनसुकै निर्णयहरु पनि वैध ठहर्छ भन्ने मानसिकता पदाधिकारीमा रहनु एवं चालू खर्चका आधारहरु स्थापित गर्दा भविष्यमा त्यसको असर प्रभावबारे सचेत नरहेका कारण यस किसिमका भुक्तानी भएको देखिन्छ । जसले गर्दा प्रशासनिक व्ययभार अत्यधिक हुनुका साथै कर्मचारी कर्मचारी बिचमा समेत सुविधा प्राप्तीका सम्बन्धमा आम कर्मचारीहरुको विचमा विभेदको अवस्था सिर्जना हुनजान्छ । अत : नियमावलीमा भएको व्यवस्था परिपालना नभएको तथा खर्चको आधार र पुष्ट्याई पेश गर्नुपर्ने देखिएको रु</td><td>२१८६०७६/०</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **निर्णय र प्रतिवेदन कार्यान्वयन :** | | | |
| ४१ | | **बेरुजु फछ्र्यौट –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका वेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत ३ वर्षको बेरुजु  बाँकी मध्ये रु ३६११०५६।०० फछ्र्यौट गरी रु.२३७१५१५३।०० वांकी देखाएको छ । कार्यालयले वेरुजुको लगत राख्ने नगरेको कारण कति दफा र रकम वेरुजु वांकी रहेको यकिन गर्न नसकिने अवस्था रहेको छ ।<br>यसरी कार्यालयले बेरुजू फर्छयौटको कारवाहीलाई महत्व नदिएको कारण विगतका लेखापरीक्षण प्रतिवेदनले औंल्याएका कर दाखिला लगायत समग्र व्यहोराको फर्छयौटको अवस्था निराशाजनक रहेको पाइयो । कार्यालयले सिमित संख्यामा बेरुजु फछर्यौट गर्ने गराएका कारणले हरेक वर्ष वेरुजूको अंक र परिमाण घटनुको साटो बढ्दै गएको देखिन्छ । यसबाट आर्थिक अनुशासन फितलो हुने, वित्तिय सुशासनको अवस्था कमजोर रहने तथा व्यवस्थापनको जवाफदेहीताको स्तर कमजोर रहने देखिन्छ । तसर्थ कार्यालयले फछ्र्यौट गर्न बाँकी बेरुजुलाई समयमा नै फछ्र्यौट गरी आर्थिक अनुशासन परिपालना गर्ने तर्फ अविलम्ब ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| | | **केन्द्रीय शीर्षकतर्फ** | | | |
| ४२ | | **पेश्की :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकम समयमै फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष दिएको पेश्की मध्ये आ.व.को अन्त्यमा रु.१,५४,०७,२१०।० बाँकी रहेको मध्ये लेखापरिक्षणको क्रममा जेष्ठ नागरिक भत्ता (सामाजिक सुरक्षा), पिछडिएका समुदाय कार्यक्रम, जि.वि.स.अनुदान, सुनौला हजार दिन कार्यक्रम तर्फको गरी जम्मा रु. रु.१,०२,५४,२१०।- फछ्र्यौट गरेको श्रेस्ता पेश भएको छ । फछ्र्यौट हुन बाँकी पेश्की देहाय अनुसार रहेको छ । | | | |

| क्र.सं. | मिति | पेश्की लिनेको विवरण | प्रयोजन | कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १. | २०७१/३/३२ | एस.वि.ए निर्माण सेवा | मोविलाईजेशन पेश्की | स्थानीय सडक, पुल | २३९५०००।० |
| २. | २०७१/३/३२ | पवित्रा निर्माण सेवा | मोविलाईजेशन पेश्क | स्थानीय सडक, पुल | २५५८०००।० |
| ३. | २०७१/२/२ | कटुञ्जेववला गाविस | कार्यक्रम खर्च | सुनौला हजार | २५०००।० |
| ४. | २०७१/२/२ | बाँस्वोटे गाविस | कार्यक्रम खर्च | सुनौला हजार | २५०००।० |
| ५. | २०७१/२/२ | ठानागाउँ गाविस | कार्यक्रम खर्च | सुनौला हजार | २५०००।० |
| ६. | २०७१/२/२ | हर्देनी गाविस | कार्यक्रम खर्च | सुनौला हजार | २५०००।० |
| ७. | २०७०/७/२७ | नामेटार गाविस | सडक मर्मत | स्थानीय यातायात पूर्वाधार | २५०००।० |
| ८. | २०७०/७/२७ | इनामे गाविस | सडक मर्मत | स्थानीय यातायात पूर्वाधार | २५०००।० |
| ९. | २०७०/७/२७ | पञ्चावती गाविस | सडक मर्मत | स्थानीय यातायात पूर्वाधार | ५००००।० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **जम्मा :-** | **५१५३०००।०** | | |
| | | पेश हुन आएको पेश्की तोकिएको योजना अनुसार कार्यक्रम सञ्चालन नगर्ने एवं बर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की बाँकी रहन गएको देखिन्छ । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्कोतर्फ पेश्कीको मात्रा बढदै जान्छ । तसर्थ पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की अविलम्ब फछ्र्यौट गर्नुपर्ने देखिएको रु. | **५१५३०००।०** | | |
| ४३ | | निकासा लिन छुट भएको भनी स्थानीय यातायात पूर्वाधार विकास कृषि सडक शीर्षकबाट खर्च गरेको रु.२१२२०००। मध्ये यो वर्षको संशोधित कार्यक्रममा समावेश गरी कृषि सडक चालु शीर्षकको गो.भ.नं.मिति ५।२०७०।७।२७ बाट रु. १०००००० खर्च लेखी चालु कोष खातामा समायोजन गरेको पाइयो । गत वर्षको खर्चलाई यो वर्षको बजेटबाट सोधभर्ना दिनु बजेट सिद्धान्त विपरित देखिएकोले नियमित गर्नुपर्ने रु. | १००००००।० | | |
| ४४ | | **निर्माण कार्यमा प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । यसैगरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण डोरलाई प्राप्त भएको विवरण अनुसार बोलपत्र विक्री, दाखिला तथा फिर्ताको अवस्था निम्नानुसार रहेको पाइयो । | | | |

| योजनाको नाम | निर्माण व्यवसायी | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रतिशत | सम्झौता मिति |
|---|---|---|---|---|---|---|---|
| तावाखोला सडक पुल | एस वि ए निर्माण सेवा कम्पनी काठमाण्डौं | ५ | ४ | ३८५८९१७६/८२ | २८००७७३६/५५ | २७.४२ | २०७१।३।२४ |
| कालीखाडी पुल | जोशि पवित्रा निर्माण सेवा | ६ | ४ | २०३२०९१२/०२ | १४९९६३८१/७६ | २६.२० | २०७१।३।२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपरोक्त बमोजिम ठेक्काको लागि बोलपत्र विक्री उत्साहप्रद नदेखिएको, विक्री भएकामध्ये पनि न्यून संख्यामा बोलपत्र दर्ता भएको अवस्था देखिन आयो विद्युतिय ठेक्का प्रणालीबाट समेतठेक्का प्रक्रिया सञ्चालन गरेकोले सिमित प्रतिस्पर्धालाई नियन्त्रण गर्न नसकेको कार्यालयको भनाइ रहेतापनी बोलपत्र मूल्यांकन समितिले विक्री भएका सम्पूर्ण बोलपत्र दाखिला हुन नसक्नुको कारणसहित बोलपत्र खरिदकर्ताहरुसंग जानकारी लिई मिलेमतो भए नभएको एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गर्नुपर्नेमा सम्वन्धित बोलपत्र खरिदवालाहरुसंग बोलपत्र पेश नगर्नुको कारणबारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाइयो । फलस्वरुप बोलपत्रदाताको संख्या न्यून हुन गई पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन<br>उक्त ठेक्काहरुमा लागत अनुमान र स्वीकृत ठेक अंक वीच तुलना गर्दा केही ठेक्कामा लागत अनुमानको तुलनामा न्यून प्रतिशत कम अंकमा ठेक्का स्वीकृत भएको छ । यसबाट पनि वित्तिय प्रस्ताव वीच पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भनी यकिन हुने आधार देखिएन । अतः कानूनले तोकेको व्यवस्था अनुसार | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | बोलपत्रदाता वीच प्रर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न बोलपत्रदाताहरुको विचमा मिलेमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गर्नुपर्दछ । | | | |
| ४५ | | **सामाजिक सुरक्षा कार्यक्रम :** कुनै पनि भुक्तानीमा श्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । लेखापरीक्षण टोलीलाई पेश गरेको यस कार्यक्रम अर्न्तगतका श्रेस्तामा संलग्न भरपाईको जोडजम्मा, पञ्जिकरण शाखाको लगत भिडान र आन्तरीक लेखापरीक्षण प्रतिवेदनको समेत आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । | | | |
| ४५.१ | | **भत्ता वितरण –** नागरिकको सामाजिक सुरक्षाको हक अधिकारको संरक्षण गराउनुका साथै जेष्ठ नागरिकलाई सम्मान गर्ने अभिप्रायले २०५१।५२ देखि आरम्भ भएको सामाजिक सुरक्षा कार्यक्रममा यो वर्ष रु १० करोड ८२ लाख ६६ हजार ७ सय खर्च भएको देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अनुसार तोकिएको समयमा पेश्की फछ्र्यौट नगर्ने, अनुगमनको व्यवस्था नमिलाई भत्ता वितरण गर्ने, अभिलेख अद्यावधिक नगर्ने तथा अन्य क्षेत्रमा खर्च गर्न नपाइने जस्ता व्यवस्थाहरुको परिपालना गर्ने गरेको पाइएन । भत्ता वितरण सम्बन्धी देखिएका केही व्यहोरा निम्न अनुसार छन्:<br>सामाजिक सुरक्षा संचालन कार्यविधि, २०६९ को बुँदा नं. १३(१) मा भत्ता/वृत्ति भूक्तानी व्यवस्था अन्तर्गत गा.वि.स./न.पा.ले अघिल्लो किस्ताबाट वितरण गरेको अनुसूचि ९ बमोजिम प्रगति विवरण र भूक्तानी भरपाइको एक प्रति प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले सम्बन्धित गा.वि.स./नपा को खातामा १५ दिनभित्रमा निकासा दिनुपर्नेछ भन्ने व्यवसथा उल्लेख भएको र बुँदा ९(३) मा गा.वि.स./नपाको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता वृत्ति रकम परिचयपत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिलाइ आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशैं पूर्व आश्विन १ गते दोस्रो चौमासिकमा सहिद सप्ताहको समयमा माघ १२ गते र तेस्रो चौमासिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन ज्येष्ठ १५ गते भूक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । यस वर्ष कार्यालयले सामाजिक सुरक्षा वापतको रकम निकासा दिँदा कार्यविधिमा रहेको व्यवस्थाको पालना भएको देखिएन । तोकिएको समयमा भत्ता/वृत्ति रकम वितरण हुन नसक्नुमा केन्द्रवाट नै समयमा रकम निकासा नहुनु प्रमुख कारण रहेको छ । जसले गर्दा लक्षित उद्देश्यले भत्ता/वृत्ति गर्न खोजिएको हो भन्ने सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्क सँग वस्न नसक्ने सिर्जना हुन जाने अवस्था दखिन्छ । समयमा वजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ ।<br>कार्यविधिको दफा ८(५) मा आगामि आर्थिक वर्षदेखि भत्ता पाउने नयाँ परिचयपत्र प्राप्त गर्ने व्यक्ति र हाल सम्म भत्ता पाइरहेका व्यक्तिको नविकरण गरिएको नामावलि प्रत्येक गाउँ विकास समितिले पौष महिनाको दोस्रो हप्ता भित्रमा गाउँ विकास समितिमा प्रकाशित गरि उक्त नामावली जिल्ला | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | विकास समितिको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । उपरोक्तानुसारको गा.वि.स.बाट प्राप्त नामावलीको आधारमा भत्ता पाउने व्यक्तिहरुको मूल अभिलेख जि.वि.स.ले तयार गर्नुपर्नेमा जिविस ले भत्ता पाउने व्याक्तिहरुको नामको मुल अभिलेख तयार गरेको पाइएन । नामनामेसी सहितको मुल अभिलेख वेगर संख्याको आधारमा मात्र निकासा दिई सोही आधारमा भरपाई भिडान गरी पेश्की फछ्यौट गर्दा सम्बन्धित व्याक्तिले नै भुक्तानी पाएको छ, दोहोरो भुक्तानी भएको छैन, भनी एकिन गर्न सक्ने आधार हुदैन । कार्यालयले गाविस बाट भत्ता पाउने व्याक्तिको नामावली सहितको विवरण लिई मुल अभिलेख खडा गरी पेश्की फछ्यौट गर्दा भरपाई र नामावली किटान गरेर मात्र फछ्यौट गर्नु पर्दछ । | | | |
| ४५.२ | | **जनसंख्या प्रतिशत –** उदयपुरजिल्लाको कुल जनसंख्या ३ लाख १७ हजार ५ सय ३२ मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरणअनुसार भत्ता पाउने व्यक्तिको संख्या १९ हजार १ सय पन्चानव्वे रहेको छ । जसअनुसार जिल्लाको कुल जनसंख्यामध्ये सामाजिक सुरक्षा प्राप्त गर्नेको संख्या ६.०५ प्रतिशत हुन आएको छ । कार्यालयको अभिलेखअनुसार जिल्लाको कुल जनसंख्या र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण र प्रतिशत निम्नानुसार रहेको छ । | | | |

| सि.नं. | विवरण | संख्या | कुल जनसंख्या मध्येको प्रतिशत | सामाजिक सुरक्षा भत्ता पाउने मध्येको प्रतिशत |
|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक (अन्य) | ८७९३ | २.७७ | ४५.८१ |
| २. | ज्येष्ठ नागरिक दलित | | | |
| ३. | एकल महिला | ६९३२ | २.१८ | ३६.११ |
| ४. | विधुवा | | | |
| ५. | पूर्ण अपाङ्ग | ३७६ | ०.१२ | १.९६ |
| ६. | आंशिक अपाङ्ग | ५९ | ०.०२ | ०.३१ |
| ७. | लोपोन्मुख आदिवासी | ३५ | ०.०१ | ०.१८ |
| ८. | वाल संरक्षण तर्फ | ३००० | ०.९४ | १५.६३ |
| **जम्मा :** | | **१९१९५** | ६.०५ | १०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ४५.३ | | सामाजिक सुरक्षा संचालन कार्यविधि, २०६९ बमोजिम परिचय पत्र न., नागरिकता र वालवालिकाको हकमा उमेर खुल्ने प्रमाण वेगर रकम भुक्तानी गरेको पाइयो । | | | |

| विवरण | भत्ता पाउने कूल संख्या | परिचय पत्र नभएकाको संख्या | ना.प्र.प. नभएकाको संख्या |
|---|---|---|---|

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | (see nested table below) उपरोक्त अवस्था हुनुमा कार्यालयले लगत अद्यावधिक गर्ने कार्यमा कम चासो दिनु प्रमुख कारण रहेको छ । कार्यविधीको व्यवस्था पालना नगर्दा गैर लाभग्राही व्यक्तिले समेत सुविधा उपभोग गर्न सक्ने अवस्था रहन्छ । तसर्थ गत अद्यावधिक गरी सा.सु.भत्ता पाउने सबैको नागरिकता नं., परिचय पत्र नं. र उमेर खुल्ने प्रमाणपत्र खुलाई लगत अद्यावधिक गर्नुपर्ने देखियो । | | | |
| ४५.४ | | सामाजिक सुरक्षा भत्ता तेस्रो चौमासिकको निकासा मध्ये रु ९२,३१,२००।०० पेश्की बाँकी रहेकोमा गो.भा.नं. ५।०७१।५।२२ र ६।०७१।५।२३ बाट फछ्र्यौट गरी पेश्की फछ्र्यौट गरी पेश गरेको श्रेस्ताको नमूना छनौट गरी भरपाई परीक्षण गर्दा उल्लेखनीय व्यहोरा देखिएन । | | | |
| ४६ | | **मर्मत सम्भार कोष –** कृषि तथा स्थानीय स्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) कार्यान्वयन निर्देशिका, २०६३ को बुंदा नं. १०.५ अनुसार कृषि तथा स्थानीय स्तरका सडक आयोजनाको लागि प्रति वर्ष उपलव्ध कूल बजेट रकमको कम्तिमा ५ प्रतिशत रकम सडक मर्मत सम्भारको लागि अनिवार्य रुपमा विनियोजन गर्नुपर्ने व्यबस्था छ । कार्यालयले यो वर्ष यस कार्यक्रम अन्तर्गत सडक आयोजनाको लागि रु. १ करोड ८२ लाख २९ हजार निकासा खर्च प्राप्त भएकोमा मर्मत सम्भार कोषको लागि पांच प्रतिशतले हुन आउने रकम रु.९,१३,६४९।४० छुट्टयाउनुपर्नेमा सो गरेको पाइएन । निर्माण कार्य सम्पन्न भएका योजनाको मर्मत सम्भारमा रकम अभाव हुन नदिन यसप्रकारको व्यवस्था भएकोमा सो नहुँदा निर्मित संरचनाको समयमै मर्मत सम्भार नहुने सम्भावना रहन्छ । तसर्थ कार्यक्रम र योजनालाई मर्मत सम्भार कोषबाट मर्मत सम्भार कोष निर्देशिका बमोजिमको रकम तोकिएको समय अगावै छुट्याई कोषलाई सक्रिय तुल्याउनु पर्दछ । | | | |
| ४७ | | **भुक्तानी बांकीको कच्चावारी :** स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम ६० अनुसार अनुसुची २४ को ढांचामा आ.व.को अन्त्यमा भुक्तानी दिन वांकी रकम अनुसुची २४ को ढांचामा प्रमाणीत गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष गरेको देहायअनुसारको भुक्तानीमा नियमावली अनुसार भुक्तानी दिन बाँकीको कच्चावारी अनुसूची २४ संलग्न नगरी पुरानो योजना तथा खरिद बापतको रकम भुक्तानी गरेको छ । | | | |

Nested table (विवरण column, row 1):

| | | | |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ८७१ | ७४२ | ८०० |
| विधवा तथा एकल | ५२४ | ५०३ | १७ |
| पूर्ण अपाङ्ग | ३० | १ | — |
| आशिंक अपाङ्ग | १ | १ | — |
| वालवालिका | १८९ | १८९ | — |
| **जम्मा :-** | **१६१५** | **१४३६** | **८१७** |

Nested table (विवरण column, row ४७):

| सि.नं | भुक्तानी पाउने | कार्यक्रम | आ.व. | भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आदिवासी जनजाति भवन निर्माण त्रिनपा –३</td><td>त्रिनपा सहभागिता</td><td>२०६९/७०</td><td>२/२०७०।६।१३</td><td>३३४७२७.००</td></tr>
<tr><td>२</td><td>भुवन निर्माण सेवा रौंता –९</td><td>सडक बोर्ड</td><td>२०६९/७०</td><td>३/२०७०।४।१४</td><td>२७११२०.००</td></tr>
<tr><td>३</td><td>एभरेष्ट कन्स्ट्रक्सन गाइघाट</td><td>सडक बोर्ड</td><td>२०६९/७०</td><td>४/२०७०।४।१४</td><td>३६३३०८.५३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>९६९१५५.५३</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>४८</td><td></td><td>मौज्दात रकमः स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ मा नेपाल सरकारबाट निकासा भएको सबै रकम आ.व. समाप्त हुनुभन्दा ७ दिन अगाडि आर्थिक कारोवार वन्द गरी वचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। गाविसले आ.व.को अन्त्यमा मौज्दात बाँकी रहेको रकम को.ले.नि.का.मा फिर्ता गरेको देखिएन। यो वर्षमा आलेपमा पेश भएको आय-व्ययबाट देखिएको मौज्दात रकम फिर्ता नगरेको केही उदाहरणहरु निम्नानुसार छः-
<table>
<tr><th>गाविसको नाम</th><th>मौज्दात रकम</th></tr>
<tr><td>रौंता गाविस</td><td>१०००१४१/३०</td></tr>
<tr><td>आँपटार</td><td>२५७०१९/३०</td></tr>
<tr><td>चौदण्डी</td><td>१४३८०३/६०</td></tr>
<tr><td>बाँस्बोटे</td><td>८७४७१/८०</td></tr>
<tr><td>बाराहा</td><td>४९८५५/००</td></tr>
<tr><td>ताम्लीछा</td><td>५०४६६९/६२</td></tr>
<tr><td>रिस्कु</td><td>२५४८९६/००</td></tr>
<tr><td>मयाँखु</td><td>१०००००.००</td></tr>
<tr><td>सिद्धिपुर</td><td>५५३२७/०६</td></tr>
<tr><td>हडिया</td><td>६३६२१३/६६</td></tr>
</table>
गाविसबाट आ.व.को अन्त्यमा बाँकी रहेको रकम को.ले.नि.का.मा फिर्ता नगर्नुमा गत विगत वर्ष देखि फिर्ता नगरिरहेको देखिन्छ । बाँकी रकम फिर्ता नगर्दा सरकारी कोषमा असर पर्ने देखिन्छ। कार्यविधिमा व्यवस्था भए अनुसार आ.व.को अन्त्यमा खर्च नभई बाँकी रहेको रकम को.ले.नि.का.मा फिर्ता हुनु पर्दछ</td><td></td><td></td><td></td></tr>
<tr><td>४९</td><td></td><td>समपुरक कोष : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ९ (१) स्थानीय निकायको आफ्नो कार्यक्षेत्रको विकासँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न सम्बन्धीत स्थानीय निकायले आयोजनागत रुपमा विवरण तयार गरी समपुरक कोषमा आवश्यक रकम छुट्याउनुपर्ने तथा उपदफा (२) मा साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखी सहभागितामूलक प्रक्रियाबाट स्थानीय निकायको योजनामा समावेश भएको हुनुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयले समपूरक कोषको व्यवस्था नगरेको तथा यस आवमा सञ्चालन गरेका केही योजनाहरुमा समपूरक कोषबाट खर्च व्यहोर्ने गरी योजना सम्झौता गर्ने गरेको पाइएतापनि कुन कुन शिर्षक, योजना तथा कार्यक्रममा समपूरक कोषबाट खर्च लेखिएको हो भन्ने व्यहोरा खुल्ने कागजात लेखापरीक्षण टोलीलाई प्राप्त हुन सकेन । यसबाट समपूरक कोष स्थापना नै नहुने वा सो बमोजिम कार्य नहुने तथा निर्मित संरचनामा सम्बन्धित संस्था वा निकायको स्वामित्वबोध नहुने सम्भावना रहन्छ । अतः समपूरक कोषको लागि आवश्यक बजेट विनियोजन गर्ने तथा कोष स्थापनाको अवधारणासँग नबाझिने गरी समान प्रकृतिका कार्य गर्ने निकाय वा संस्थासँग लागत साझेदारी गरी सहभागितामुलक तवरले योजना तथा कार्यक्रम सञ्चालन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५०</td><td></td><td>कन्टिन्जेन्सी : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुर्‍याउन पूंजीगत लगानीको समष्टिगत रकमबाट जिल्ला विकास समितिले अनुसूची ९ मा उल्लेख भए बमोजिम क, ख र ग वर्गका जिल्लामा क्रमशः पाच, चार र तीन प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाचामा राख्नुपर्ने व्यवस्था छ । यसरी छुट्याईएको कन्टेन्जेन्सी रकमको खर्च सम्बन्धी कार्ययोजना स्थानीय निकायको परिषद्बाट स्वीकृत गराई स्वीकृत शिर्षकको अधिनमा रही क देखि झ सम्म तोकिएका क्रियाकलाहरुमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सीमा छुट्याईएको रकमको खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत नगराई र खर्चको हिसाव अनुसूची १० बमोजिमको ढांचामा नराखी निम्नानुसार कन्टिन्जेन्सी खर्च गरेको देखियो ।
<table>
<tr><th>बउसिन</th><th>कार्यक्रमको शिर्षक</th><th>पूंजीगत बजेट</th><th>खर्च भएको कन्टीजेन्सी रकम</th><th>नियमानुसार हुनुपर्ने) ४ प्रतिशत</th><th>बढी खर्च</th></tr>
<tr><td>३६५८०४३</td><td>ग्रामीण खानेपानी</td><td>७०७५०३६</td><td>२९१९०१</td><td>२८३००१.४४</td><td>८८९९.५६</td></tr>
<tr><td>३६५८३७३</td><td>साना सिंचाई</td><td>८४००२९२</td><td>३३८२९३</td><td>३३६०११.६८</td><td>२२८१.३२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१११८०.८८</td></tr>
</table>
कन्टिन्जेन्सी रकमको खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत नगराउनु र खर्चको अनुसूचीमा उल्लेख भए बमोजिमका ढाचामा अभिलेख नराख्नुमा कार्यालयले प्राथमिकता दिई कार्ययोजना नबनाउनु र अभिलेख नराख्नु देखिन्छ । कार्यालयले कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्ययोजना बनाई परिषद्बाट स्वीकृत नगराएर खर्च गर्दा र खर्च सम्बन्धी तोकिएको ढांचामा अभिलेख नराख्दा</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>तोकिएका क्रियाकलापमा खर्च भए नभएको हिसाव नदेखिएको र खर्च कार्य व्यवस्थित नहुने देखिन्छ । खर्चलाई व्यवस्थित गर्न र तोकिएको क्रियाकलापमा खर्च गर्न आन्तरिक नियन्त्रणलाई सुदृढ राख्न कार्यविधिमा व्यवस्था भए बमोजिम कार्ययोजना बनाई परिषद्बाट स्वीकृत हुनुपर्ने र खर्चको हिसाव तोकिएको अनुसूची बमोजिमको ढाँचामा राख्नुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५१</td><td></td><td>योजना किटेर निकासा – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९७ मा जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने, जिल्ला विकास समितिबाट प्राप्त आयोजना तथा कार्यक्रमहरुलाई मूल आधार मान्नुपर्ने, जिल्ला विकास योजना तर्जुमा गर्दा सेवा केन्द्र, विषयगत योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समिति, जिल्ला विकास समिति र जिल्ला परिषद्मा आवश्यक छलफल गरी योजना तर्जुमाको काम पूरा गर्नुपर्ने व्यवस्था छ ।<br>त्यस्तै, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ मा योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्दा गाउं विकास समिति, नगरपालिका, इलाका, विषयगत समिति, एकीकृत योजना तर्जुमा समिति, जिल्ला विकास समिति हुँदै मार्गदर्शन, आवधिक योजनाको लक्ष्य, गुरुयोजना, स्रोत नक्सा, कार्य क्षमता र कार्यदक्षता र वातावरणीय प्रभाव समेतलाई विचार गरी प्रत्येक वर्ष जिल्ला विकास समितिले योजना फाल्गुण महिनाको तेस्रो हप्ताभित्र जिल्ला परिषद्मा पेश गर्नुपर्ने र जिल्ला परिषद्ले प्रत्येक वर्षको फाल्गुण मसान्तभित्र जिल्ला विकास योजना पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम २०० मा जिल्ला परिषद्बाट पारित भई स्वीकृत भएका कार्यक्रम कार्यतालिका बनाई जिल्ला विकास समितिले कार्यान्वयन गर्नुपर्ने व्यवस्था समेत छ ।
<table>
<tr><th>गाविसको नाम</th><th>वापत</th><th>योजना संख्या</th><th>निर्णय मिति</th><th>रकम</th></tr>
<tr><td>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम</td><td>विभिन्न मर्मतहरु</td><td>७</td><td>२०७०/१२/१०</td><td>८२५000.00</td></tr>
<tr><td>जिविस अनुदान</td><td>विभिन्न योजनाहरु</td><td>१७</td><td>२०७१/२/१२</td><td>५२00000.00</td></tr>
<tr><td>क्षेत्रगत भ्ाो.पु.</td><td>विभिन्न योजनाहरु</td><td>१५</td><td>२०७१/३/१३</td><td>२५00000</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>५२</td><td></td><td>कम लागतका योजना – स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ अनुसार जिल्ला विकास कोषको कूल विनियोजन पूजिगत रकमबाट समपुरक कोष र लक्षित समूहको लागि रकम विनियोजन गरी बांकी रहेको रकमबाट रु. ५ लाखभन्दा कमका कार्यक्रम/ आयोजना छनौट गर्न नसकिने व्यबस्था गरिएको छ । साथै, लगानी गरिएको क्षेत्रको लागि अनुसूची-४ बमोजिम आयोजना लगानी विवरण (Project Funding Matrix) तयार गर्नुपर्ने व्यबस्था गरेको छ । कार्यालयले सडक निर्माण योजनाहरुमा साना साना टुक्रे योजानामा भुक्तानी दिनुका साथै निर्देशिकाले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगरी रु.५ लाखभन्दा कमका योजनाका लागि समेत रकम विनियोजन गरे गराएको पाइयो ।</td><td>रकम रु हजारमा</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td colspan="2">
<table>
<tr><th>ब.शि.नं.</th><th>कार्यक्रम आयोजनाको नाम</th><th>योजना सख्या</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td colspan="2">
<table>
<tr><td>३६५८०८३</td><td>कृषि सडक</td><td>५</td><td>१९०६.४०</td><td>१३९२.००</td></tr>
<tr><td>३६५८०१३</td><td>जिविस थप अनुदान</td><td>१४</td><td>४९८९.३४५</td><td>३८४०.००</td></tr>
<tr><td>३६५८०४३</td><td>ग्रामीण खानेपानी तथा सरसफाई आयोजना</td><td>८</td><td>२०६२.९५९</td><td>१६८४.०८२</td></tr>
<tr><td>३६५८३७३</td><td>सानासिंचाई नदी नियन्त्रण तथा पूर्वाधार</td><td>१०</td><td>१४२१.९११</td><td>१०३५.०९६</td></tr>
<tr><td>३६५८०९३</td><td>फो.पु. कार्यक्रम</td><td>३</td><td>८२५.००</td><td>८०७.९७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११२०५.६१५</td><td>८७५९.१५७</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>धेरै योजना माग भए बमोजिम सबैलाई भाग पुऱ्याउने तथा वस्तुगत तवरले योजना प्राथमिकीकरण हुन नसक्नुका कारण न्यून लागतका योजना छनौट भएका हुनुपर्दछ । यसबाट उल्लेखनीय योजनामा लगानी नभई कार्यक्रमको प्रभावकारिता कम हुन जान्छ । तसर्थ, निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी ठूला योजनाहरु सम्पन्न गराउनेतर्फ बजेट विनियोजन गर्ने र खुकुलो तवरले बजेट छर्ने पद्धतिको अन्त्य गर्ने कार्यमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५३</td><td></td><td>वैशाख पछिका सम्झौता : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार जिल्ला विकास समितिले वैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ ।<br><br>कार्यालयले यस आ.व.मा साना सिचाई कार्यक्रमबाट विभिन्न योजनाहरु वैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड र निकासा दिएको पाइयो ।
<table>
<tr><th>ब.शि.नं.</th><th>योजना संख्या</th><th>लागत अनुमान</th><th>आयोजनाको नाम</th><th>सम्झौता मिति</th><th>भुक्तानी</th></tr>
<tr><td>३६५८०८३</td><td>१</td><td>२८८०००</td><td>कृषि सडक</td><td>२०७१/२/२२</td><td>२८८०००</td></tr>
<tr><td>३६५८०१३</td><td>१७</td><td>६६८७०००</td><td>जिविस थप अनुदान</td><td>२०७१/२/२७ - २/३०</td><td>४९९२०००</td></tr>
<tr><td>३६५८०४३</td><td>२</td><td>७६००००</td><td>ग्रामीण खानेपानी तथा सरसफाई आयोजना</td><td>२०७१/२/१२ - २/२०</td><td>६४००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td></td></tr>
</table>
कार्यविधिको व्यवस्थालाई अनुसरण नगरी अनुकुलता र मागका आधारमा योजनामा रकम विनियोजन गर्ने पद्दतिको कारण एवं कतिपय अवस्थामा अख्तियारी नै ढिला प्राप्त हुन आउने भएकाले यस्तो अवस्था सिर्जना भएको हो । जसबाट निर्धारित समयमा योजना सम्पन्न नहुनुका साथै आर्थिक वर्षको अन्त्यमा हतारमा योजना सम्पन्न गरी बजेट फ्रिज नगराउने प्रवृत्तिलाई पश्रय पाई निर्मित संरचनाको गुणस्तर कमसल हुन जाने हुन्छ । अतः कार्यविधिको व्यवस्था विपरित ढिलो गरी योजना सम्झौता गर्ने परिपाटिको अविलम्ब अन्त्य हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५४</td><td></td><td>कर्मचारी काज : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५६ (१) अनुसार स्थानीय निकायको अनुरोधमा नेपाल सरकारले काज खटाउन सक्ने व्यवस्था छ । यस जिल्ला विकास समितिले अनुरोध</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नगरे तापनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रलयले यस कार्यालयको कोष तर्फको दरबन्दीमा पदाधिकार राखि सोही मन्त्रलयमा कम्प्यूटर अपरेटर श्री निशा राजण्डारी २०६८/११/०९ भन्दा अघि देखि काजमा राखेको पाइयो । काज अवधि मिति ०६९ पौष देखि ०७१ असार सम्मको तलब रु. ३७७४३४।० खर्च लेखी भूक्तानी गरेको श्रेस्ता परिक्षणबाट देखिएको छ । यसरी काजमा राख्दा कर्मचारीलाई सुविधा पुगेको भएता पनि कार्यालयको कार्यसम्पादनमा धेरै वाधा परेको देखियो । जिविस उदयपुरलाई उक्त रकम अनावश्यक व्ययभार पर्न गएकोले बर्षौदेखि काज खटाई तलब भुक्तानी गर्न पाउने कानूनी व्यवस्था नदेखिएकाले अविलम्व काज फिर्ता हुनुपर्ने अन्यथा तलब भुक्तानी पठाउन नमिल्ने देखिएको । | | | |
| ५५ | | **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित सरकारी कार्यालयको खर्च व्यहोर्नु पर्ने अवस्था श्रृजना भएमा सम्बन्धित मन्त्रालयको सहमति र स्थानीय विकास मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र अनुदान वा अन्य खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रमअन्तर्गत निम्नानुसारका कार्यालयहरुको खर्च भुक्तानी गरेको पाइयो । | | | |

| बजेट शीर्षक | भौ.नं. र मिति | कार्यालय | विवरण | रकम |
|---|---|---|---|---|
| जिविस कोष | १८८।२०७१।३।२४ | जिल्ला प्रहरी कार्यालय | अनुशिक्षण तालिम क्षमता अभिवृद्धि | ३५०००।० |
| " " | १३७।२०७१।२।२३ | जिल्ला मालपोत कार्यालय | मोठ वाइडिङ्ग र मर्मत | ४९९९१।२० |
| " " | २३३।२०७१।३।३२ | जिल्ला प्रहरी कार्यालय | अनुगमन | १४९६१।० |
| " " | २३३।२०७०।११।१ | जिल्ला वन कार्यालय उदयपुर | – | १५००००।० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यसरी अन्य कार्यालयको खर्च व्यहोर्नुमा जिल्लास्थित कार्यालयहरुबाट कतिपय कार्यक्रमहरु एकिकृत कार्यप्रणालीबाट सञ्चालन हुने गरेको तथा जिल्ला विकास समितिको श्रोत र साधन उपयोगमा अन्य कार्यालय निर्भर रहने स्थितिलाई कार्यालयले नियन्त्रण गर्न नसक्दा हुनगएको देखिन्छ । यसबाट कार्यालयको प्रशासनिक खर्च वृद्धि हुन जाँदा जिल्ला विकास समितिले विकासात्मक कार्यमा लगाउनुपर्ने बजेट अनुत्पादक क्षेत्रमा खर्च हुनजान्छ । अत: कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली मजबुत तुल्याउँदै अन्य कार्यालयको खर्च व्यहोर्ने पद्दतीको अन्त्य गर्नुपर्ने देखिएको रु. | २४९९५२।२० | | |
| ५६ | | **विल भर्पाइ वेगर भूक्तानी :-** स्थानीय निकाय आर्थिक प्रशास नियममावली २०६४ को निमय ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यलयले निम्नानुसारको कार्यक्रमबाट भूक्तानी खर्च लेख्दा विल, भरपाई संलग्न गरेको देखिएन । | | | |

| गो.भौ.नं. र मिति | कार्यक्रम | भूक्तानी लिने | वापत | भूक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २४/०७१/३/३१ | एल.जि.सि.डि.पी. | नागरिक सचेतना केन्द्र २१ | कार्यक्रम सञ्चालन | २१०००००/० | खर्चको विल भर्पाई र प्रगति प्रतिवेदन पेश नभएको । |
| ५४/०७१/३/२६ | ग्रामीण खानेपानी तथा सरसफाई | मैनामैनी खानेपानी योजना ६ र ७ उदयपुर | पाईप ढुवानी र फिटिङ्ग सामाग्री खरिद | ४०६६०/० | रु.११५२०७ मध्ये ७४५४७ को मात्र विल भर्पाई संलग्न रहेको । |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ५९/०७१/३/२९ ; ग्रामीण खानेपानी तथा सरसफाई ; जाँते खानेपानी योजना ; योजा वापतको रकम भुक्तानी ; ११२५२५/१४ ; रु.२६००४७ भुक्तानी मध्ये १४७५२१।८६ को मात्र विल भर्पाई संलग्न । | | | |
| ५७ | | **अनुदान फ्रिज –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) अनुसार नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्दछ ।<br>यस वर्ष जिल्ला विकास समितिले आफू अन्तर्गतका विभिन्न ४४ गाउं विकास समितिमा गएको रु १०३२९६४००।० निकासा दिएको रकममध्ये के कति खर्च भई वर्षान्तमा के कति बांकी भएको छ ? सो सम्बन्धी विवरण जिल्ला विकास समितिले गाउं विकास समितिहरुबाट लिई त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्नेमा त्यसो नगरी निकासा भएको सबै रकम खर्च मानी आर्थिक विवरण बनाउने गरेको देखियो । गाउं विकास समितिहरुको लेखापरीक्षण कार्य समयमै सम्पन्न नहुने हुंदा निकासा र खर्चको अद्यावधिक विवरण तयार नभएको कारणबाट यो अवस्था विद्यमान भएको देखिन्छ । केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराउँदा आर्थिक अनियमितता हुने सम्भावना रहुनुका साथै नियमावलीको व्यवस्था परिपालना समेत नहुने अवस्था विद्यमान रहन्छ । जिल्ला विकास समितिले गाउं विकास समितिहरुलाई केन्द्रीय बजेट मार्फत निकासा दिएको रकममध्ये वर्षान्तमा बांकी रकम यकिन गरी फ्रिज गराउनेतर्फ अविलम्ब कारबाही गर्नुपर्दछ । | | | |
| ५८ | | **सामाजिक सुरक्षा कर :** आयकर ऐन २०५८ को दफा ८७ अनुसार रोजगारदाताले रोजगारी दिए वापतको पारिश्रमिक भुक्तानी गर्दा अनुसूची १ वमोजिम सामाजिक सुरक्षा कर १ प्रतिशत समेत कट्टा गरी सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७०/७१ को असार मसान्त सम्ममा तलबको २० प्रतिशतका दरले स्थानीय भत्ता वापतको रु.२१,८६,०७६।० भुक्तानी गरेकोमा नियमानुसार सामाजिक सुरक्षा कर १ प्रतिशतले हुन आउने रु. २१८६०।०० कट्टी गरी दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिएको रु. | २१८६०।०० | | |
| ५९ | | **तलबी प्रतिवेदन :** निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) २ अनुसार स्थानीय निकायमा कार्यरत निजामती कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गर्नुपर्ने व्यवस्था छ । यस वर्ष गाविस सचिव ८५ जना मध्ये ३ जनाको तलबी प्रतिवेदन पारित नभई तलब खर्च लेखेको पाइयो । ऐन नियमको पालना नगर्नु र सोको विपरित तलब खर्च लेख्ने गर्नु नै यसको प्रमुख कारण हो ।<br>यस सम्बन्धमा विगतको लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएकोमा यस आ.व.मा पनि सोही व्यहोरा दोहोरीनु नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउन जिल्ला विकास समिति उदासिन रहेकोले यसप्रकारको अवस्था सिर्जना भएको हो । यसबाट कार्यरत कर्मचारीले कति तलब र ग्रेड | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पाउने हो सोको स्पष्ट आधार एकिन नभई तलब खर्च वृद्धि हुने सम्भावना रहन्छ तसर्थ ऐन नियममा भएको व्यस्थाको पालना गरी तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | | | |
| ६० | | **बेरुजु :-** कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०६९ असार मसान्तसम्मको केन्द्र तर्फको बाँकी वेरुजु रु.२७३२६२२०९।० रहेको मध्ये केन्द्र तर्फको २१२९०००।० र कोष तर्फको रु.१४८२०५६।० गरी जम्मा ३६११०५६।०० फछ्र्यौट गरी सम्परिक्षणको लागि पेश गरेकोमा लेखापरीक्षण डोरले रु. ३६११०५६।००।० को सम्परीक्षण गरी सोको जानकारी उपलब्ध गराउने गरि समपरिक्षण गरिएको छ ।सम्परिक्षण गर्दा उल्लेखनिय वेरुजु देखिएन । | | | |
| ६१ | | **बेरुजु सम्परीक्षण–** कार्यालयले निम्न वेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि लेखापरीक्षण डोर समक्ष पेशगरेकोमा व्यहोरा मनासिव देखिएकोले संपरीक्षण गर्दा व्यहोरा मनासिव देखिएको छ । कार्यालयले फछ्र्यौट गर्न बांकी रहेको बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार कारवाही गरी फछ्र्यौट गर्नूपर्ने देखिन्छ । | | | |

| कार्यक्रमको नाम | आर्थिक वर्ष | बेरुजुको दफा | संक्षिप्त व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| कोष पूँजीगत | २०६९।७० | ५ | नापीकिताब कार्य सम्पन्न प्रतिवेदन बमोजिम पे.फ. | १४३०००। |
| जिविस अनुदान | २०६९।७० | ५ | नापीकिताब कार्य सम्पन्न प्रतिवेदन बमोजिम पे.फ. | ७५०००।० |
| प्रकोप व्यवस्थापन | २०६९।७० | ५ | विलभरपाई | ५००००।० |
| वातावरण विशेष कोष | २०६९।७० | १३ | परिषद्बाट समर्थन | ११२६०५६।० |
| कर्मचारी कल्याणकोष | २०६९।७० | १४ | बैंकको सकल भौंचर | ६८०००।० |
| स्थानीय यातायात पूर्वाधार | २०६९।७० | ५ | बैंक भौंचर अनुसार सकल प्रमाण अनुसार | ७०००।० |
| स्थानीय यातायात पूर्वाधार | २०६९।७० | ५१ | मन्त्रालयको पत्रको आधारमा | २१२२०००।० |
| आन्तरिक कोष चालु | २०६९।७० | ३ | विल भरपाईको आधारमा पे.फ. | २००००।० |
| | | | **जम्मा रु.** | **३६११०५६।०** |